# रातो खबर

Ratokhabar weekly

साप्ताहिक




## देशले एकपटक अप्रिय निर्णय लिनुपर्छ

केशरबहादुर बिष्ट

पूर्वमन्त्री तथा वरिष्ठ उपाध्यक्ष, राप्रपा (प्रजातान्त्रिक)

अन्तर्वार्ता पृष्ठ ३


वर्ष ३, अङ्क २३, पूर्णाङ्क ११८ | २०७४ मङ्सिर ६ गते बुधबार | Wednesday, 22 Nov 2017 | www.eratokhabar.com | मूल्य रु. १०


# क्रान्ति र प्रतिक्रान्तिको घम्साघम्सी





■ रातो खबर संवाददाता

सत्तारूढ संसद्वादी दलहरू चुनावमा छन् । उनीहरूले यसलाई शान्तिप्रक्रियाको उत्कर्ष र सङ्क्रमणकालको अन्त्य भनिरहेका छन् । चुनावबाट राजनीतिक स्थायित्व कायम हुने र देश समृद्धितर्फ जाने उनीहरूको दाबी छ । अझ चुनावी घोषणापत्र हेर्ने हो भने त लाग्छ नेपालीका दुःखका दिन चुनावपछि 'छु मन्तर' भएर जानेछन् । संसदीय व्यवस्था र पुँजीवादप्रति नै विश्वास र लगाव भएका गम्भीर विश्लेषकहरूले नै चुनावी घोषणापत्रलाई हावादारी भनिरहेका छन् । २०४६ सालपछि दलहरूले यस्तै हावादारी सपना बाँड्दै आएका छन् । मुलुक भने प्रत्येकपटकको निर्वाचनपछि झन् अधोगतितिर गएको छ । त्यसैले जनतामा चुनावले केही होला भन्ने विश्वास छैन । नेकपाले भने आसन्न चुनावलाई प्रतिक्रान्तिको मोहरा भनेको छ। उसको बुझाइमा चुनावपछि देशमा विदेशी हस्तक्षेप झन् बढेर जाने, सिंहदरबारको भ्रष्टाचार गाउँसम्म पुग्ने, परनिर्भरता बढ्ने, मूल्यवृद्धि र कालोबजारी झन् बढ्ने बताएको छ। जनविद्रोहले मसानघाटमा पुऱ्याएको संसदीय लुटतन्त्रलाई नयाँ जामा लगाएर ठड्याउने नेकपाको धारणा छ। मदन भण्डारी र राजा वीरेन्द्रका अमूक हत्याराहरूले दलालहरूलाई अघि सारेर राजकीय निकायलाई अपराधीकरण गर्ने, देश र

... बाँकी पृष्ठ ७ मा

## निशानामा भीआईपी







■ रातो खबर संवाददाता

नेकपाले भ्रष्ट तथा दलाल तत्वहरूलाई जनकारबाही गर्ने चेतावनी दिँदै आएको थियो । चुनाव खारेजी अभियानका क्रममा पनि नेकपाले त्यसप्रकारको दाबी दोहोऱ्याएको थियो । नेकपाले शान्तिपूर्ण रूपले चुनावका विपक्षमा जनमत बनाइरहेको बेला प्रहरी, प्रशासनले व्यापक धरपकड गर्न थालेपछि मङ्गलबार साँझसम्म औपचारिक जिम्मा नलिए पनि सशक्त प्रतिरोध गर्न थालेको नेकपा निकट स्रोतले जनाएको छ । नेकपाले गएको साता दलाल तथा भ्रष्ट नेताहरू रामचन्द्र पौडेल, वर्षमान पुन 'अनन्त', रामशरण महत, जनार्दशन शर्मालगायत व्यक्तिमाथि आक्रमण गरेको छ । नेकाका नेता रामचन्द्र पौडेल जनयुद्धका कट्टर विरोधी नेता हन् । उनी नेका र तत्कालीन माओवादीबीचका वार्तामा गिरिजाप्रसाद कोइराला सहमत भएको विषयमा समेत जनयुद्धको विपक्षमा उभिने गरेका थिए । नीतिगत भ्रष्टाचारका नाइके पौडेलले २०४८ सालको संसद्को निर्वाचनमा काङ्ग्रेसी सरकारको दुरुपयोग गरी बुथ कब्जा गरेर तत्कालीन जनमोर्चाका उम्मेदवारलाई 'हराएका' थिए। शान्तिप्रक्रिया सुरु भएको समयको काङ्ग्रेस-माओवादी वार्तामा सहिद परिवारलाई आर्थिक राहत दिने प्रस्ताव गर्दा 'हामीले हाम्रा मान्छेलाई द्वन्द्वकै समयमा राहत दिइसकेका छौँ । तपाईंका मान्छेलाई तपाईं नै दिनुस् । सरकारले ढुकुटी सिध्याउन सक्दैन" भनेको स्मरण गर्नुहुन्छ नेकपाका महासचिव विप्लव । शान्तिप्रक्रिया

... बाँकी पृष्ठ ७ मा

# नेकपाका सयौँ नेता–कार्यकर्ता गिरफ्तार

■ अम्बिका चन्द / काठमाडौँ

प्रदेश र प्रतिनिधिसभाको चुनाव नजिकिँदै गर्दा नेकपाका नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गर्ने क्रम तीव्र पारेको छ। आस्थाकै आधारमा व्यक्तिगत काम गरिरहेका, घरमा बसिरहेका, राजनीतिक गतिविधि गरिरहेका आफ्ना सयौँ नेता र कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरिएको नेकपाले जनाएको छ । यसैबीच आइतबार नेकपा निकट अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष लालबहादुर बीसीलाई प्रहरीले पक्राउ गरेको छ । बीसीलाई चितवनबाट प्रहरीले पक्राउ गरेको हो । सोही दिन नेकपा मोरङका इन्चार्ज पुष्कर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

शुक्रबार अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियालाई प्रहरीले पक्राउ गरेको छ। अखिल नेपाल लेखक सङ्घका उपाध्यक्षसमेत रहेका थपलियालाई काठमाडौँबाट पक्राउ गरिएको हो। प्रलेस अध्यक्ष मातृका पोखरेल र अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले महासङ्घका महासचिव थपलियाको बिनासर्त रिहाइको माग गरेका छन् ।

यसैक्रममा नेकपा महोत्तरीका जिल्ला सदस्य तिलक लामालाई प्रहरीले पक्राउ गरेको छ। लामालाई बुधबार बर्दिबास बजारबाट प्रहरीले पक्राउ गरेको हो । बिनाकारण आफ्ना कार्यकर्ता गिरफ्तार गरिएको भन्दै नेकपा महोत्तरीका इन्चार्ज तीर्थ राईले पक्राउ गरिएका लामालाई बिनासर्त रिहाइको माग गरेका छन् ।

उता पर्साको वीरगन्जबाट वयोवृद्ध कम्युनिस्ट नेता विगा चौरसियालाई पनि प्रहरीले पक्राउ गरेको छ । असी वर्षभन्दा बढी उमेरका चौरसियालाई वीरगन्ज १९ विन्दवासिनी बरुवास्थित आफ्नै घरबाट पक्राउ गरिएको हो। उनी नेकपाका भोजपुरा जनपरिषद् प्रमुख हुन् ।

बुधबार बिहान ९ बजे धनकुटाको हिलेबाट जिल्ला सदस्य मोहनप्रसाद ओझा 'विज्ञान' लाई पक्राउ गरिएको छ। विज्ञानलाई बाटोमा हिँडिरहेको बेला प्रहरीले पक्राउ गरेको हो। सोही दिन बर्दियाबाट भीम अधिकारी, रमेश विक, सोनु भाइ, पूर्णबहादुर महरा, बलबहादुर विश्वकर्मा, तिमोरी थारू, बलवीर राना, हीरा पुन, कैलाश गन्धर्व र खुमलाल गिरीलाई गिरफ्तार गरिएको छ।

बिहीबार भोजपुरका शिक्षक लोकबहादुर बस्नेत र कृष्णकुमार राई 'निकास' लाई आआफ्नै निवासबाट पक्राउ गरेको छ। सोही दिन नेकपाका धनकुटा इन्चार्ज माधव गौतम 'आकाश', जिल्ला सदस्य विज्ञान शर्मा, नरजित राई, प्रेम कट्टेलसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। उता रुकुममा पनि नेकपाका जिल्ला सल्लाहकार समिति सदस्य प्रेमबहादुर खड्का र पार्टी जिल्ला सदस्य मकर ओलीलाई पक्राउ गरिएको छ। उनीहरूलाई त्रिवेणी गाउँपालिका ६ स्थित बितामा रहेको ओलीको घरबाट पक्राउ गरिएको हो । ओली बिरामी भएर घरमा बसिरहेको अवस्थामा

... बाँकी पृष्ठ ७ मा

# अमेरिकी चासोमा चुनाव

■ रातो खबर संवाददाता



संयुक्त राज्य अमेरिकाले आसन्न प्रदेशसभा र प्रतिनिधिसभाको चुनाको सन्दर्भमा भएका गतिविधिबारे चासो व्यक्त गरेको छ । नेपालको राजनीतिमा सबैभन्दा बढी भूमिका भएको भारत र अर्को छिमेकी चीनले औपचारिक धारणा नदेखाएकै बेला अमेरिकाले चासो व्यक्त गरेको हो ।

सोमबार काठमाडौँस्थित अमेरिकी दूतावासले विज्ञप्ति जारी गर्दै औचित्यहीन, पूर्वाग्रही र आन्तरिक राजनीतिमा हस्तक्षेपकारी विज्ञप्ति जारी गरेको छ । नेकपाका शान्तिपूर्ण र कानुनसम्मत कार्यक्रममा हस्तक्षेप हुँदा, बिनाकारण नागरिक गिरफ्तार हुँदा र अस्पतालको कोठाबाट बिरामीलाई पक्राउ गर्दासमेत आँखा र मुख बन्द गरेर बसेको अमेरिका आफ्नो पिछलग्गुका पक्षमा भने सबैभन्दा अगाडि उभिएको छ। यो अमेरिकाको विश्वव्यापी हस्तक्षेप र गैरप्रजातान्त्रिक शैलीको निरन्तरता हो । निर्वाचनप्रति प्रतिबद्धता जनाउने अमेरिकाले आफ्नो स्वार्थसँग बाझिएका संसारभरिका निर्वाचित सरकार र देशका विरुद्ध आपराधिक झुन्ड परिचालन गर्दै आएको छ। भेनेजुएला, जनगणतन्त्र कोरिया, सिरिया, इरान त्यसका पछिल्ला उदाहरण हुन् । अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकार नेकपालाई छ कि अमेरिकी दलालहरूलाई मात्र ? त्यस विषयमा भने अमेरिकी विज्ञप्ति मौन छ । मतपेटिकामार्फत जनमत व्यक्त हुने भए अमेरिकाले रुस, कोरिया र

... बाँकी पृष्ठ ७ मा

# उम्मेदवारमाथि आक्रमणका घटना बढे

## सुरक्षा चुनौती थपियो : निर्वाचन आयोग



■ रातो खबर संवाददाता/

निर्वाचन प्रचारमा रहेका काङ्ग्रेस नेता तथा नुवाकोट १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रामशरण महत लक्षित माइन बम विस्फोट भएको छ। नुवाकोट ककनी ५ डाँडागाउँमा भएको घटनामा ६ जना घाइते भए। घाइतेमध्ये कतिपयको अवस्था गम्भीर रहेको अस्पताल स्रोतको भनाइ छ । महत ककनी ७ चतुरालेमा आयोजित चुनावी कार्यक्रममा जाँदै गर्दा उक्त घटना भएको


... बाँकी पृष्ठ ७ मा

# चुनाव खारेजी अभियान र पार्टी नीतिबारे

देश/परिवेश

■ विप्लव

महासचिव, नेकपा



क्रान्ति विरुद्ध गरिने खेलबाड र गद्दारीले झन् ठूलो क्रान्ति र विद्रोह भन्दा अरु केही जन्माउँदैन । जनयुद्ध विरुद्ध गरिएको षड्यन्त्र र गद्दारीले देशलाई अझ शक्तिशाली जनक्रान्तितर्फ लगिरहेको छ। परिस्थिति त्यसैतर्फ गइरहेको छ। बाहिरबाट झट्ट हेर्दा संसदवादी तथा दलाल पुँजीवादी आत्मसमर्पणवादीहरु चुनाव गर्ने र हाम्रो पार्टी चुनाव खारेज गर्ने बीचको अन्तरविरोध जस्तो देखिन्छ। तर यो सारतत्वमा चुनावको मात्र विषय नभएर राजनीतिक दृष्टिले गम्भीर वैचारिक विषय हो । चुनाव गर्न चाहनेको राजनीतिक दृष्टिकोण जनयुद्धलाई विसर्जन गरेपछि पुरानो संसदीय व्यवस्थालाई कायम गर्दै पुँजीवादलाई बलियो बनाउने र हाम्रो पार्टी चुनाव खारेज गर्दै वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने भएको छ।

चुनावको पक्षमा रहेकाहरुले झुक्याएर, भ्रम सिर्जना गरेर चुनाव खारेजी जनताको लोकतान्त्रिक अधिकार खोस्ने आरोप लगाएपनि वास्तविकता त्यसको ठीक उल्टो छ। सत्य कुरा जनताको लोकतान्त्रिक अधिकार सुनिश्चित गर्ने र जनविरोधी संसदीय व्यवस्थालाई पुनर्स्थापना गर्न नदिने दृष्टिकोण बीचको संघर्षको विषय हो। त्यसैगरी चुनाव खारेजी अभियान मताधिकारको विरुद्धजस्तो देखिएपनि अथवा संसदवादीहरुले त्यसरी प्रचार गरेपनि यथार्थमा हाम्रो अभियान संसदीय व्यवस्थालाई जनताकै सहभागिताद्वारा खारेज र असफल पार्ने दृष्टिकोण हो । दोस्रो कुरा, चुनाव गर्ने र खारेज गर्ने प्रश्न चुनावमा मतदान गर्ने कि नगर्ने जस्तो देखिएपनि यथार्थमा कस्तो राजनीतिक व्यवस्था निर्माण गर्ने भन्ने राजनीतिक संघर्षको प्रश्न हो । पुँजीवादी दलाल संसदवादीहरुलाई अस्वीकार गर्ने र स्वीकार गर्ने, वैज्ञानिक समाजवाद स्थापना गर्न चाहने र विरोध गर्ने पक्षहरुका बीचको संघर्ष हो। यो पुँजीवादी शासन व्यवस्थालाई श्रमिक जनताले अस्वीकार गर्ने र वैज्ञानिक समाजवादलाई पुँजीपति वर्गले अस्वीकार गर्ने परस्पर विरोधी वर्गबीचको संघर्षको विषय हो। सारतत्वमा यो विपरित वर्गहरुबीचको राजनीतिक संघर्ष हो । पुँजीवादीहरुलाई के थाहा छ भने सिधै वैज्ञानिक समाजवादको विरोध गर्नुभन्दा चुनावको बहाना बनाएर जनतालाई वैज्ञानिक

बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क २३, पूर्णाङ्क ११८
रातो खबर साप्ताहिक

## सम्पादकीय

# गृहयुद्धको संकेत

मुलुक जानीनजानी गृहयुद्धमा धकेलिएको संकेत देखिएको छ । नेकपा माओवादीको नेतृत्व र आह्वानमा १० वर्षसम्म सञ्चालित जनयुद्धले उजागर गरेका देश र जनताको हित र मुक्तिमा आधारित एजेन्डालाई लत्याएर संसद्वादी प्रतिक्रान्ति लादिएपछि मुलुकले एउटा शक्तिशाली विद्रोह र क्रान्तिको माध्यमबाट ती एजेन्डा पुनर्स्थापित गराउनुपर्ने बाध्यता जनतासामु लादिएको थियो । फलस्वरूप जनताले आज नेकपाको नेतृत्व र आह्वानमा त्यही विद्रोह र क्रान्तिको झन्डा बोकेर एउटा नयाँ यात्रा आरम्भ गरेका छन् । संसद्वादी शक्तिहरू काङ्ग्रेस, एमाले र माके, यतिबेला विशेषतः सत्तामा रहेका कांग्रेस र माके जनताको विद्रोह र क्रान्ति रोक्न चरम दमन र ज्यादतीको भाषा प्रयोग गरिरहेका छन् र त्यसलाई व्यवहारमै लागू गरेर संसदीय व्यवस्था अस्वीकार गर्ने नेपाल कम्युनिस्ट पार्टी र उसका नेता-कार्यकर्तामाथि दमन, धरपकड, गिरफ्तारी, हिरासत र यातनासमेत दिँदै क्रान्तिविरुद्ध फासिवाद लागू गर्ने हर्कत गरिरहेका छन् । एकातिर संसदीय संविधानको खोस्टो फ्याँकेर 'रामराज्य' दियौँ भन्ने र अर्कातिर सामान्य मान्यता बनिसकेको सत्ता र सरकारका गलत नीति, नियम, कामकाज, संविधान र व्यवस्थाको विरोधमा गतिविधि सञ्चालन गर्न पाउने अधिकारसमेत कुण्ठित गर्दै कांग्रेस-माके गठबन्धन सरकारले जुन तानाशाही हर्कत देखाइरहेको छ यसले मुलुकमा दुई सत्ता, दुई सरकार, दुई प्रवृत्ति र दुई परस्पर विरोधी क्षमताबीच टक्कर मात्र भइरहेको छैन, गृहयुद्ध नै भइरहेको छ भन्ने देखाइरहेको छ । देउवा-माके गठबन्धन सरकारले नेकपालाई दबाउन गरेको निर्णय र त्यसलाई अवज्ञा गर्दै मुलुकभर उम्मेदवारकेन्द्रित सशस्त्र गतिविधिहरूले मुलुकमा दुई सत्ताबीच टक्कर माथिल्लो चरणमा विकास भएको बुझ्न कुनै कठिनाइ पर्दैन ।

जनयुद्ध आरम्भ गर्नुअघि पुष्पकमल दाहाल 'प्रचण्ड' हरूले ससाना उपलब्धिमै जनयुद्ध रोकेमा देश र जनताविरुद्ध गम्भीर गद्दारी हुनेछ भन्ने घोषणापत्र जारी गरेर देश र जनताविरुद्ध दलाली र गद्दारी नगर्ने शपथ खाएका थिए तर वैचारिक पलायन तथा आत्मरक्षाका कारण तिनले दसौँ हजारको बलिदानपछि जितिनै लागेको युद्धमाथि घात गरे, दलाली र गद्दारी गरे अनि दलाल संसद्वादसामु आत्मसमर्पण गरे । आज जनताले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बम र बारुदले उनीहरूको दलाली र गद्दारीको जबाफ दिइरहेका छन् । जनताले हिलो राणाशासनको तानाशाही, राजतन्त्रात्मक तानाशाही र संसद्वादी संसदीय तानाशाहीका विरुद्ध ज्यान जोखिममा राखेर युद्ध लडेका थिए तर यात्रा नटुङ्गिँदै सम्झौताहरू गरियो र जनतालाई बारम्बार धोका दिइयो । प्रचण्डमण्डलीको पनि संसद्वादमा पतन भएपछि जनता प्रतिरोध युद्ध लडिरहेको छ संसद्वादको चिहानमा वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा कार्यान्वयन गर्दै । जनताले तत्कालीन नेकपा माओवादीको नेतृत्वमा २०७० सालमा मञ्चन गरिएको कथित संविधानसभा पनि बम र बारुदकै बीच सशक्त बहिष्कार गरेका हुन् र कथित स्थानीय चुनाव पनि बम, बारुदका बीच बहिष्कार गरेका हुन् । नेकपाले दलाल संसद्वादको अन्त्यको घोषणा गर्दै जनसंविधान मस्यौदा र जनसरकार पनि एकैसाथ घोषणा गरेको हो । फलस्वरूप आज मुलुकमा मरणोन्मुख प्रतिक्रियावादी सत्ता र उदीयमान जनसत्ता गरी दुईवटा सत्ता छन् । प्रतिक्रियावादी सत्ता प्रतिक्रान्तिको जगमा टेकेर दलाल संसद्वाद स्थापित गर्न र जनताको बलिदानमाथि होली खेल्न कथित प्रदेश र प्रतिनिधिसभाको चुनावको नाटक मञ्चन गरिरहेछ भने जनता नेकपाको एकीकृत जनक्रान्तिको बाटो हिँड्दै दलाल संसद्वादका भरिया दलाल नेताहरूमाथि बम र बारुदको माइनको यात्रा गराइरहेका छन् । जनतालाई आफ्नो भविष्य आफैँ निर्धारण गर्ने र त्यसका लागि मनपरेको विचार रोज्ने अधिकार छ । चोर र डाँकामध्ये एउटा रोज्नैपर्ने दलाल संसद्वादको मुखुन्डो च्यातेर आज जनता फेरि ज्यान जोखिममा राखेर यो सत्ताका विरुद्ध होमिएको छ । फलस्वरूप दलाल सत्ताका संरक्षक नेताहरू जनताको आक्रमणको सिकार भइरहेका छन् । यो स्वाभाविक मात्र होइन, अत्यावश्यक बाटो र क्रियाकलाप हो । सलामयोग्य कर्म हो ।

आज मुलुक अत्यन्त कमजोर राष्ट्रिय धरातलमा उभिएको छ । दलाल संसद्वादी सत्ता र सरकारले जनतालाई महँगी, राष्ट्रघात, दलाली, पलायन, बेरोजगार र अभावबाहेक केही दिनसकेको छैन । यसले दिने यहाँभन्दा बढी केही छैन । अभाव, अन्याय, टोकसो र मृत्यु दिने सरकारका विरुद्ध जाइलाग्नु र दलाल सत्ताको चिहान खन्न क्रान्तिमा अग्रसर हुनु जनताको बाध्यता हो । नेकपाले जनताको यो अवस्थालाई सम्बोधन गरेको छ । यसका लागि नेकपा मात्र होइन, मुलुकमा यत्रतत्र छरिएर रहेका सबै देशभक्त, क्रान्तिकारीहरू एकजुट हुनु आवश्यक छ । एकीकृत जनक्रान्तिको कार्यदिशामा गोलबद्ध भएर मात्र मुलुकको राष्ट्रियताको रक्षा गर्न सम्भव छ । दलाल व्यवस्था र त्यसलाई टिकाउने संसदीय प्रणाली रहेसम्म देश र जनताका आकाङ्क्षा र आवश्यकता पूरा हुन सम्भव छैन । यो व्यवस्थाको जरो उखेल्न कथित चुनाव खारेज गर्दै तिनका मतियारलाई जनतामा भ्रम लिएर जानबाट रोक्नुपर्छ । त्यसका लागि यो गृहयुद्धमा जनताका तर्फबाट सामेल हुनु अत्यावश्यक छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# निर्वाचन खारेजी र जनप्रतिरोध



चिरन पुन

*आज नेपालको परिवेशमा देउवा सरकारले अवलम्बन गरेको नीति हिटलरी नीतिसँग मिल्दोजुल्दो छ भन्न सकिन्छ। नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूलाई मात्र हैन, समर्थक जनता र समर्थकको घरमा पालेको कुकुरलाई पनि नछोड्नू भन्ने आदेश यो सरकारले गरेको छ। देशभरबाट निर्दोष, घरमा बसेका समर्थकलाई रातिराति घर घेरा हालेर सङ्कटकालमा जस्तो गरी गिरफ्तार गरेको छ। झूट्टा मुद्दा लगाउने, विभिन्न शारीरिक तथा मानसिक यातना दिएको छ। शान्तिपूर्ण कार्यक्रममा रोक लगाएको छ। वालपेन्टिङ गर्न आफ्नो विचारको प्रचारप्रसार गर्नसमेत बन्देज लगाएको छ।*

दलाल संसद्वादी सत्ताले तोकेको प्रतिनिधिसभा र प्रदेशसभाको कथित निर्वाचन नजिकिँदै गर्दा जनतामा नयाँ तरङ्ग पैदा भएको छ । एकातिर नेका, एमाले र मधेशवादी गठबन्धनको नेतृत्वमा दलाल संसद्वादी कथित चुनावलाई टुप्पी देखिको बल लगाएर नौटङ्की गर्न कस्सिएका छन् भने अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीले घोषणा गरेको वैज्ञानिक र वैचारिक आधारमा जनताले यसका विरुद्ध प्रतिरोध, असहमति र खारेज गर्दै वैज्ञानिक सत्ताको बीजरोपण गरेका छन् । भ्रष्ट उम्मेदवार लक्षित दिनहुँ बम विस्फोट भैरहेको छ । उम्मेदवारहरूलाई जनताले गाउँ छिर्न नदिन ढुङ्गामूढा गरेका छन् । सहिद परिवारले उम्मेदवारलाई चप्पलले हानेका छन् । विभिन्न ढङ्गले यो कथित निर्वाचनलाई जनताले अस्वीकार र असहमति प्रकट गरेका छन् । यो सन्दर्भमा आज देखिएको राजनीतिक, वैचारिक, आर्थिक अन्तरविरोधलाई हेर्न, बुझ्न र जान्न आवश्यक हुन्छ ।

**आजको विश्वपरिवेश**

अहिले विश्वमा बहुध्रुवीय अन्तरर्विरोध छ । साम्राज्यवादी शक्तिहरूको अन्तरर्विरोध एकातिर छ भने अर्कोतिर साम्राज्यवादी र वैज्ञानिक समाजवादी दर्शन, विचार, राजनीतिका बीच पनि चर्को अन्तरविरोध सतहमा आएको छ । विश्वस्तरमा देखापरेका अन्तरविरोधले तेस्रो विश्वयुद्धको परिवेशलाई निम्ता दिएको आकलन विश्लेषकहरूको छ । हामीलाई थाहा छ, प्रथम विश्वयुद्ध साम्राज्यवादी स्वार्थको टकरावको परिणाम थियो जसले धेरैभन्दा धेरै उपनिवेश कब्जा गर्न चाहन्थे । दोस्रो विश्वयुद्ध विश्व कब्जा गर्ने फासिवादी अहङ्कारका कारण भयो जो प्रवृत्ति र विचार दोस्रो विश्वयुद्धको अन्त्यसम्म आइपुग्दा चकनाचुर मात्र भएन, निर्लज्ज प्रकारले पराजित पनि भयो ।

अहिले विश्वमा देखापरेका अन्तरविरोधहरूलाई यसरी उल्लेख गर्न सकिने अवस्था रहेको छ : एक, विभिन्न साम्राज्यवादी शक्तिकेन्द्रहरूबीच देखापरेको अन्तरविरोध । दुई, शक्तिराष्ट्र र मुस्लिम देशहरूबीच देखापरेको अन्तरविरोध । तीन, उत्तरसाम्राज्यवाद र वैज्ञानिक समाजवादी देशहरूका बीच देखापरेको अन्तरविरोध । चार, दलाल प्रवृत्ति र उत्पीडित जनताबीच देखापरेको अन्तरविरोध । पाँच, उत्तरसाम्राज्यवाद र उत्पीडित राष्ट्रवीच देखापरेका अन्तरविरोधहरू ज्वलन्त छन् । यी अन्तरविरोधका कारणले गर्दा तेस्रो विश्वयुद्ध नजिकिएको आकलन विश्वराजनीतिमा चर्चा भैरहेको छ । यसले निश्चय नै नेपालको आर्थिक र राजनीतिक परिवेशलाई पनि जबर्जस्त जोड्नेछ वा तान्नेछ भन्न सजिलै सकिन्छ । अमेरिका र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) बीच चलेको द्वन्द्व, कोरियन क्षेत्रमा भएको अन्तरविरोध, मध्यपूर्वमा देखिएको अन्तरविरोध, साम्राज्यवाद र मुस्लिम राष्ट्रबीचमा चलेका द्वन्द्वको कारक तत्व उल्लिखित विषयहरूमा नै केन्द्रीकृत बन्न पुगेको छ ।

**नेपालमा देखिएका अन्तरविरोध र कथित निर्वाचन**

विश्व राजनीतिको अन्तरविरोधले नेपालको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अन्तरविरोधको परिवेशलाई पनि सतहमा उतारिदिएको छ । आजको सन्दर्भमा भन्दा नेपालको अन्तरविरोध र सङ्घर्षले पनि नयाँ चरणमा आफ्नो स्थान ओगट्न पुगेको छ : पहिलो, दलाल सत्ता र क्रान्तिकारी शक्तिबीचको अन्तरविरोध । दोस्रो, दलाल सत्ता र देशभक्त शक्तिबीचको अन्तरर्विरोध । तेस्रो, संसद्वादी–संसद्वादी दलबीचको अन्तरविरोध । चौथो, दलाल सत्ता र आमउत्पीडित वर्ग, राष्ट्र, क्षेत्र, लैङ्गिक समुदायबीचको अन्तरविरोध ।

आज हाम्रो देशमा देखिएका अन्तरविरोध यसैको जगमा केन्द्रित छ । यो कुरा कथित निर्वाचनका विषयमा पनि लागू हुन्छ । पहिलो : आज नेपालमा एकातिर दलाल सत्ता छ भने अर्कोतिर क्रान्तिकारी शक्तिहरू छन् । दलाल सत्ता आफ्नो सत्तालाई झन् बलियो बनाउन चाहन्छ । त्यसको प्रयोग कथित संसदीय प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमार्फत गर्न चाहन्छ । ऊ आफ्नो सत्ताको सुदृढीकरण र विस्तार कथित



चुनावमार्फत झनै स्थापित गर्न चाहन्छ । उनीहरू राज्यको करोडौँ ढुकुटी खर्चेर भए पनि आफूले चुनाव जित्न मरिहत्ते गरिरहेका छन् भने अर्कोतिर क्रान्तिकारी शक्ति पनि उत्ति नै क्रियाशील छन् । त्यसको नेतृत्व राजनीतिक हिसाबले नेपाल कम्युनिस्ट पार्टीले कथित चुनाव खारेजको नीतिमार्फत गरेको छ । आमक्रान्तिकारी र उत्पीडित जनताले नेपाल कम्युनिस्ट पार्टीको त्यो नीतिलाई समर्थन गरेर स्वतस्फूर्त प्रतिरोध र खारेजमा लागेका छन् । जनताले दलाल सत्ताको कथित चुनावको नौटङ्कीलाई अस्वीकार मात्र गरेका छैनन्, बरु बम विस्फोटसम्म उत्रिएर प्रतिकार गरेका छन् । दलाल सत्ताका मतियार संसद्वादी दलका नेतालाई गाउँमा पस्न नदिन ढुङ्गामूढा गरेका छन् । बाटो अवरोध गरेका छन् । सहिद परिवारले नेतालाई चप्पलले हानेका छन् । गुन्डाहरू, ठेकेदारहरू र व्यापारीहरूको चङ्गुलमा पुगेको नेपाली राजनीतिको खुलेरै असहमति र विरोध जनस्तरबाटै भएका छन् ।

दोस्रो, एकातिर दलाल सत्ताले कथित चुनावमार्फत आफूले छानेका विश्वासपात्रहरूलाई चुल्ठे, मुन्द्रे, पैसा, सत्ताका दुरुपयोग गरेर वा जुनसुकै हतकन्डा प्रयोग गरेर जिताउने र आफ्नो स्वार्थ पूरा गर्ने नीतिमा केन्द्रित छन् । अहिले जेसुकै गठवन्दनमा भए पनि तिनै राष्ट्रघाती, नदीनाला बेचुवा, भ्रष्टाचारी, रातो पार्सपोर्ट दुरुपयोगकर्ताहरू, पजेरोकाण्डमा फसेकाहरू, पुरुष भएर सुत्केरीको भत्ता खानेहरू नै लाचार अनुहार लिएर कथित चुनावको नाममा जनतामा फर्कने कोसिस गरेका छन् यो कुरा देशभक्त, राष्ट्रवादी र जनताको हित चाहने मानिसहरूलाई कत्ति पनि मन परेको छैन त्यसैले उनीहरू पनि यो कथित चुनावको विरुद्धमा जतिसक्दो कथित चुनाव खारेज अभियानमा लामबद्ध हुन पुगेका छन् र कथित चुनावको प्रतिकारमा लामबद्ध भएका छन् । विभिन्न पार्टीभित्र रहेका, कर्मचारीभित्र रहेका, सुरक्षा निकायभित्र रहेका, न्यायालयभित्र रहेका राष्ट्रभक्त र देशभक्तहरूको मिलन भएको छ कथित चुनाव खारेज अभियान । अवश्य यसले कथित निर्वाचनको राजनीतिक महत्वलाई चकनाचुर पार्दै धुलोमा मिलाइदिनेछ । राष्ट्रभक्त र देशभक्तहरूको एकतालाई बल पुऱ्याउनेछ ।

तेस्रो, संसद्वादी-संसद्वादीबीचमा पनि चर्को अन्तरविरोध कायमै छ । तर त्यो उनीहरूको अन्तरविरोध भनेको आफ्नो सुविधा, अवसर र कुर्सीस्वार्थमा मात्र केन्द्रित छ । उनीहरू सबै "एउटै ड्याङका मूलाहरू" जस्तै हुन् किनकि उनीहरू साम्राज्यवादलाई कसले बढी रिझाउने, कसले बढी राष्ट्रघात/ जनघात गर्ने, कसले बढी सुख/सुविधा लिने, कसरी धेरै भ्रष्टाचार गर्नेजस्ता कुरामा मात्र केन्द्रित छन् । त्यसैले उनीहरू एकल पार्टीबाट चुनावमा जाँदा आफू पराजित हुने र आफ्नो कुर्सीस्वार्थ गुम्ने डरले एकाएक गठबन्धनमा गएको कुरा दिनको घामझैँ जनताले छर्लङ्गै देखेका छन् । मानौँ यसलाई प्राकृतिक नै गठबन्धन मानिएला तर यसबाट फल प्राप्त हुनेछैन, यसले बच्चा दिनेछैन वा यसले जनतालाई परिणाम दिनेछैन । किनकि यिनीहरू साम्राज्यवादका पाल्तु ब्वाइलर कुखुराहरू हुन् । उनीहरूबीचको अन्तरविरोध केवल सत्ता, कुर्सी र स्वार्थमा मात्र केन्द्रित छ भन्ने कुरा हजारौँ प्रमाणसहित ठोकेरै भन्न सकिन्छ ।

चौथो, एकातिर दलाल सत्ता छ भने अर्कोतिर उत्पीडित वर्ग, क्षेत्र, लिङ्गका आम जनसमुदायहरू छन् । नेपाली काङ्ग्रेसको गठबन्धनमा रहेका दलहरू, एमालेको नेतृत्वमा रहेको गठबन्धन र मधेसवादी दलहरूको गठबन्धनले यिनै दूषित साम्राज्यवादको दलाली र गुलामीको काम गरेका छन् । साम्राज्यवादको मतियार र एजेन्ट बनेर कथित चुनावमार्फत आफ्नो मालिकलाई झनै बढी खुसी बनाउन चाहन्छन् र त्यसका साथै आफूले पनि सुविधा लिन चाहन्छन् भने अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक, वैचारिक र सङ्गठनात्मक नेतृत्वमा देशभरका उत्पीडित वर्ग, क्षेत्र र लिङ्गका समुदायहरू गोलबन्द हुँदै यो कथित चुनाव खारेज अभियानमा लामबद्ध भएका छन् । यो अन्तरविरोधको असर पनि अहिले कथित निर्वाचन खारेजको अभियानमा केन्द्रीकृत बनेर देखिएको छ ।

पाँचौँ, अहिले नेपालमा दुईवटा सरकार, सेना, न्यायालय क्रियाशील छ । पहिलो जनताको सरकार (जनसत्ता) नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य कमरेड सन्तोष बुढा "विषम" को नेतृत्वमा र दोस्रो राष्ट्रघाती, जनघाती र जनविरोधी साम्राज्यवादको मतियार दलाल सत्ताको ऐजेन्ट देउवाको नेतृत्वमा छ । दुईवटा सेना छन् र न्यायालय पनि दुईवटा छन् । दर्शन, विचार, राजनीति पनि दुईवटा छन् । त्यसैले एकातिर नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा वैज्ञानिक समाजवादी व्यवस्थाका लागि एकीकृत जनक्रान्तिमार्फत अघि बढ्ने वैज्ञानिक र सही क्रान्तिकारी विचार, राजनीति छ भने अर्कोतिर साम्राज्यवादको मतियार र दलाल संसदीय सत्ता, विचार र राजनीति छ । यो दुई विपरीत अन्तरविरोधका बीच जनता कथित निर्वाचन खारेज गर्दै वैज्ञानिक समाजवादतर्फको बाटो पहिल्याउने अठोटका साथ कथित निर्वाचनका विरुद्ध लामवद्ध छन । यसको प्रत्यक्ष असर आज कथित निर्वाचनविरोधी गतिविधिमा विभिन्न ढङ्गले केन्द्रीकृत हुन पुगेको छ ।

**कथित निर्वाचन र देउवा सरकारको दमन**

"तीव्र गति र क्रूरतामा सारा शक्ति लुकेको हुन्छ : हिटलर ।" यो कुरा दोस्रो विश्वयुद्धका बेला विश्व तानाशाहका बादशाह हिटलरले भनेका थिए । तर यही कुराले हिटलर आफ्नो सत्ताबाट त च्यूत हुन पुगे, यसले उनको आत्महत्यालाई समेत रोक्न सकेन । आज नेपालको परिवेशमा देउवा सरकारले अवलम्बन गरेको नीति हिटलरी नीतिसँग मिल्दोजुल्दो छ भन्न सकिन्छ । नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूलाई मात्र हैन, समर्थक जनता र समर्थकको घरमा पालेको कुकुरलाई पनि नछोड्नू भन्ने आदेश यो सरकारले गरेको छ । देशभरबाट निर्दोष, घरमा बसेका समर्थकलाई रातिराति घर घेरा हालेर सङ्कटकालमा जस्तो गरी गिरफ्तार गरेको छ । झूट्टा मुद्दा लगाउने, विभिन्न शारीरिक तथा मानसिक यातना दिएको छ । शान्तिपूर्ण कार्यक्रममा रोक लगाएको छ । वालपेन्टिङ गर्न आफ्नो विचारको प्रचारप्रसार गर्नसमेत बन्देज लगाएको छ । सङ्कटकालमा जस्तो गरी सेनाको घेराबन्दीमा कथित चुनावको नाटक मञ्चन गरिँदैछ ।

यो परिवेशले के बताउँछ भने सरकार युद्ध चाहन्छ, अझ हतियारको युद्ध । यो सरकार तानाशाही दमन चाहन्छ, त्यो पनि हिटलरी शैलीमा । यो सरकारले फासिवाद चाहन्छ, त्यो पनि तत्कालीन इटालियन मुसोलिनोको तरिकाले । यो परिस्थिति नरोकिएमा अब जनताले विचार गर्नु पर्नेछ । कथित निर्वाचनका सन्दर्भमा जनताका तर्फबाट भएगरिएका प्रतिकारलाई देखेर विभिन्न दलाल सत्ताका मतियार पात्र र प्रवृत्तिहरू जुकाजस्तै गरी फेरि जाग्न थालेका छन् । टेलिभिजनहरूमा कथित विज्ञका नाममा उफ्रिन र कुतर्क दिन थालेका छन् । नेपाल कम्युनिस्ट पार्टीलाई दमन गरेर तह लगाउनुपर्छ भनेर बुरुकबुरुक उफ्रिन र भौँतारिन थालेका छन् । उनीहरूका लागि यति मात्र भन्न सकिनेछ, तिम्रा जेल, नेल, दमन, बन्दुक, कानुन र चुरिफुरीले क्रान्तिकारीहरूलाई डगमगाउन सक्नेछैन । इतिहाँस पढेका छौ भने, बुझे हुन्छ, सन्दर्भ हेरेका छौ भने मनन गरे हुन्छ जारको दमन, हिटलरको तानाशाही, मुसोलिनीको फासिवाद र नेपालका राणा, पञ्चहरू टिक्न सकेनन् । अब तिम्रो लूटको स्वर्गको आयु धेरै समय रहनेछैन । जनताले बुझिसकेका छन् फेरि एकीकृत जनक्रान्तिमा लामबद्ध हुने दिन नजिक आएको छ । फेरी शिरमा कफन बाधेर उठ्ने दिन नजिक आएको छ । फेरि दुस्मनलाई धावा बोल्ने दिन नजिक आएको छ । त्यसैले नेपाल कम्युनिस्ट पार्टीले घोषणा गरेको कथित निर्वाचन खारेजको नीति र निर्वाचनविरुद्ध जनताको प्रतिकार सही र वस्तुस्थितिको आनिवार्य आवश्यकता बनेको छ ।



# देशले एकपटक अप्रिय निर्णय लिनुपर्छ

## केशरबहादुर बिष्ट

*पूर्वमन्त्री तथा वरिष्ठ उपाध्यक्ष, राप्रपा (प्रजातान्त्रिक)*

वि.सं. २००७ मा फरुवारासी २, ललितपुरमा जन्मिएका **केशरबहादुर बिष्ट**को पारिवारिक पृष्ठभूमि बौद्धिक र गोर्खा फौजमा संलग्न छ। बिष्टका जेठा हजुरबा ब्रिटेनका तर्फबाट दोस्रो विश्वयुद्धमा जापानका विरुद्ध लड्दा बर्माको मोर्चामा मारिएका थिए। हजुरबुवा चाँही घाइते भएर फर्के। बिष्टका पिता डोरबहादुर बिष्ट एकजना स्थापित मानवशास्त्री हुन्। पञ्चायतीकाल र बहुदलीय व्यवस्थमा पटकपटक मन्त्री भएका स्पष्ट वक्ता बिष्टसँग उनकै निवास बागडोलमा भीम चापागाईं र झनक श्रेष्ठको सहयोगमा अनिल शर्माद्वारा गरिएको वार्तालापको मूल अंश यहाँ प्रस्तुत गरिएको छ- **रातो खबर**)

➲ ***बिष्टजी, यहाँ राजनीतिमा कसरी आउनुभयो, केही बताइदिनुहुन्छ कि ?***

विद्यार्थीकालमा एक्ले राजनीति गर्थें। महेन्द्ररत्न क्याम्पसको स्ववियु सचिव पनि भएँ। पाटन संयुक्त क्याम्पसमा चाहिँ हारियो। स्वतन्त्र उम्मेदवारी दिन्थें। तर नेविसङ्घले सहयोग गर्थ्यो। मार्शलजुलुम शाक्य, देवेन्द्र नेपाली र अर्जुननरसिंह के.सी. मेरा सहकर्मी थिए। तर ने.वि.सङ्घ वा काङ्ग्रेस कहिल्यै भइनँ। आफूलाई प्रजातान्त्रिक गन्थें। मैले आफूलाई कस्तो डेमोक्रेटिक ठानेको थिएँ, भगवान् जानोस्। वामपन्थी भन्नेहरू पनि अनेक समूहमा थिए। बेलाबेलामा प्रहरीले कुट्थ्यो, लग्थ्यो, त्यो क्रम चलिरहन्थ्यो। त्यसले पढाइमा कमजोर बनायो। स्नातक उत्तीर्ण भएपछि पढाइमा केन्द्रित भएँ। त्यसपछि पढाइ राम्रो भयो। राजनीतिशास्त्रका पाँच विषयमध्ये चारवटामा सर्वोत्कृष्ट स्थान (Gold Medal) पाएँ। कपिल श्रेष्ठ, विजय सिलवाल, रवीनसिंह, ध्रुव के.सी. सँगै पढेका दौंतरी हुन्। राजकुमार धीरेन्द्र पनि औधी मिल्ने साथी थिए। धीरेन्द्रलाई सबैले 'कान्छा सरकार' भन्थे। धीरेन्द्रको साथी भएको हुनाले मलाई राजावादी भन्न थालेछन्।

➲ ***एउटा बौद्धिक परिवारमा हुर्किनुभयो। यहाँका पिता एकजना स्थापित मानवशास्त्री पनि हुनुहुन्थ्यो। त्यस नाताले यहाँले नेपाललाई कसरी बुझ्नुभएको छ ?***

२०२४ सालमा विश्व स्काउटको ज्याम्बरी भेलामा गोलाप्रथामा परेर मलाई अमेरिका जाने अवसर मिल्यो। त्यसबेला १४ वर्षको थिएँ। गाउँको केटो, कुन धारा खोले तातो पानी आउँछ ? कुन धारा खोले चिसो आउँछ ? केही थाहा थिएन। बुबा प्राध्यापक हुनुहुन्थ्यो, तालिम दिनुभयो। यात्रामा कति गल्ती भयो होला। बच्चा भनेर केही भएनछ। हङकङको होटेलमा तातो-चिसो पानी मिलाउन नजान्दा ढाड पूरै तातोपानीले जल्यो। हामी गाउँका काजी परिवार थियौं। घरको पर कुनामा चर्पी, आँगनमा धारो हुन्थ्यो। हाम्रा गाउँलेका त चर्पी पनि हुन्नथे। 'एयरपोर्ट, डिपाचर, ल्यान्डिङ' बुझ्नै गाह्रो। बुबाले थोरै सिकाउनुभएको थियो। मुस्लिम देशमा 'बास्सा, बजिर' बुझ्नुपर्ने आजको जमाना थिएन। म उच्च मध्यमवर्गीय परिवारमा हुर्केको कर्णेलको नाति, खानलाउन पुग्ने परिवारको थिएँ। जसोतसो अमेरिका पुगें। बुबाका साथी, विद्यार्थी संसारभरि हुँदा रहेछन्। हाम्रै घरमा बसेर अनुसन्धान गरेका एकजना न्युयोर्कका विद्वान्, बुबाका साथीले 'तिमी पनि छोरासरह हौ, यतै राम्रो कलेजमा पढ' भनेर भर्ना गरिदिए। ती विद्वान्को छोरा ४ वर्ष हाम्रै घरमा बसेर पढेका हुनाले मलाई म त छोरै पाएजस्तो भएछ। म निर्णय आफैं गर्नसक्ने उमेरको थिइनँ। स्काउटको कार्यक्रम सकेर देश फर्किनुपर्ने मान्छे उतै भर्ना भएँ। त्यो कुरा थाहा पाएपछि सरकारलाई उजुरी गरेर अमेरिकी दूतावासमा पत्राचार गरेर मलाई फिर्ता ल्याए। कलेज भर्ना भएको विद्यार्थी केही नभनी फिर्ता ल्याएपछि असाध्यै रिसाएँ। एकदुई वर्ष बोलचाल पनि भएन। म पढेर बसेको थिएँ, बदमासी गरेको थिइनँ।

बुबाले 'तँ हजारपटक विदेश जान सक्छस् तर यत्ति सानोमा विदेश बसिस् भने देश बिर्सन्छस्। मेरो सन्तानले देश बिर्सन पाउँदैन। त्यस्तो मेरो सन्तान हुन सक्दैन' भन्नुभयो। बुबाको त्यो सोचाइ कति महत्वपूर्ण रहेछ म आज बुझ्दैछु। मेरो दाजुले पेरिसको चर्चित विश्वविद्यालयमा विद्यावारिधि गर्न छात्रवृत्ति पाउनुभयो। बुबाले विवाह गरेर उतै बस्ला भनेर विवाह नगरी जानै दिनुभएन। दाजु हिक्मत बिष्ट विवाह गरेर दुई वर्षपछि मात्र जानुभयो। मुलुक बिर्सने ज्ञान किन चाहियो ? संसारभरिको ज्ञान देश बिर्सन होइन, बनाउन लिनुपर्छ भन्ने सोचाइ बुबाको रहेछ। काजी खलक भए पनि मेरो बुबा नपुगेको, नहिँडेको ठाउँ छैन। मेरी बहिनी पनि बुबासँग थुप्रै ठाउँमा पैदल हिँडेकी छे। त्यसको प्रभाव आज उसमा परेको छ। डोरबहादुर बिष्टले छोरीलाई ढाडमा भारी बोकाएर महिनौं हिँडाउँथ्यो भन्ने कुरा आज कसैले पत्याउला ? बुबाको तालिमले गर्दा होला राजा वीरेन्द्रले 'स्वयम्सेवक' कार्यक्रम ल्याउँदा म तुरुन्तै एमएको पढाइ थाती राखेर 'भोलेन्टियर' भएर गएको थिएँ। राजनीति, सेना, प्रहरी, कर्मचारी बन्ने मान्छेले त्योभन्दा अगाडि देश बुझ्नु पर्दैन ? मलाई बुबाले त्यो सिकाउनुभयो। भन्न मिल्छ कि मिल्दैन, राजा वीरेन्द्रलाई पनि बुबाले पढाउनुभएको कारण त्यसको प्रभाव थियो। राजकुमार हुँदा परिचय लुकाएर वीरेन्द्र धेरै हिँड्नु, घुम्नुभएको थियो। थानकोट कटेको छैन, देश हाँक्ने गुड्डी हाँकेर हुन्छ ! कागज मिलाउने, कानुन छल्ने, मोजमस्ती गर्न विदेश घुम्ने भएपछि देश बन्छ ? विदेश भ्रमण गर्नेमध्ये ५ प्रतिशतले पनि राम्रो काम गरेका छैनन्। शिक्षा पनि व्यावहारिक छैन। कर्णालीको विद्यार्थीलाई रानीपोखरीका विषयमा निबन्ध लेख्न लगाएर हुन्छ ? अथवा झापाको राजवंशी विद्यार्थीलाई नेवारी भोजका विषयमा लेख्न लगाएर हुन्छ। देश नबुझेको, जनता नचिनेको मान्छेले नीति निर्माण गर्ने भएपछि देश बन्दैन। हिजो सामाजिक सञ्जालमा देख्नुभयो नि ! अनौपचारिक पोसाकमा सडकमा उभिएर मन्त्रीले प्रहरीको सलामी थाप्छ। दौरासुरुवाल नै हुनुपर्छ भन्ने मेरो भनाइ होइन। भित्री वस्त्र लगाएर, चर्पीमा उभिएर सलामी थाप्ने हो ? अनुशासन छैन, लोकलाज छैन। अनि यिनीहरूले नागरिकलाई के सिकाउँछन् ?

म शिक्षामन्त्री हुँदा परीक्षामा चोर्ने र नक्कली प्रमाणपत्र लिएका शिक्षकलाई कडाइ गरें। दुई हजार एक सय नेपाली र चार सय भारतीय शिक्षक कारबाहीमा परे। विदेशी नागरिकले शिक्षक सङ्गठनमा चुनाव लड्न नपाउने नीतिगत निर्णय गरें। भारतीय नेताहरू रिसाए। तर पि.भी. नरसिंह रावसहितका भारतीय नेताहरू राम्ररी कुरा गरेपछि सहमत भए। यहाँ त गोरो देख्यो कि नतमस्तक हुन्छन्। भारतको भनेपछि चाकडी मात्र हुन्छ। आफ्नो कुरा राख्ने क्षमता र इमान दुवै भएन। राजा, मन्त्री, राष्ट्रपति बिरामी हुँदा वीर अस्पताल गए पो त्यो राम्रो होला। ठूलाजति यताको स्तरोन्नति होइन, विदेश धाउने भएपछि कसरी हुन्छ ? बूढानीलकण्ठ विद्यालय राजपरिवारका सदस्यहरूलाई तालिम दिन खोलेको हो, विदेश पठाउन नसकेर होइन। तपाईंको शिर ठाडो, नैतिक बल छ भने मात्र विदेशीसँग बराबरी हैसियतमा बोल्न सक्नुहुन्छ। पालेको, खुवाएको, उपचार र छात्रवृत्ति मागेको मान्छेले बराबरीमा कुरा गर्न सक्दैन।

➲ ***देशको समसामयिक राजनीतिक परिस्थितिलाई कसरी हेरिरहनुभएको छ ?***

देशको स्वाभिमान हराएको छ। नेताहरूको इमान हराएको छ। देश चलाउनेहरू स्वार्थलिप्त छन्। कहीँबाट आश्रित, पालित-पोषित र निर्देशित मान्छेहरूको हालीमुहाली छ। यस्ता मान्छेहरूको हातमा देशको बागडोर भएपछि देशको परिस्थिति कस्तो हुन्छ भन्ने प्रस्ट नै छ।

➲ ***देश र जनता बुझेको, जनताबाट आएको मान्छेले देश हाँक्ने प्रणालीको स्थापना कसरी हुन्छ त ?***

त्यसको सजिलो समाधान छैन। तीतो र कठोर उपचारले मात्रै सम्भव छ। त्यसका लागि देशले एकपटक अप्रिय निर्णय लिनुपर्छ। तर निजी स्वार्थका कारण मान्छेहरू बोल्दैनन्। स्वार्थले कसरी गाँजेको छ भने मेरो जीवनमा त मैले समाधान देखेको छैन। तपाईंको पुस्ताले गर्ला त ? भन्न सक्दिनँ। त्यो अप्रिय निर्णय केके होला ? विकल्प धेरै छन्। आर्थिक, सामाजिक, सैनिक, व्यवस्थापकीय हिसाबले आश्रित छौं। म चुनावमा गएको छु तर मलाई थाहा छ यसले केही हुनेवाला छैन। तर पनि चुनावको पछाडि हिँडेको छु। मैले अरूलाई सराप्नुको अर्थ के हुन्छ ? संविधान बनाउनेलाई नै संविधानप्रति विश्वास र आस्था छैन। काङ्ग्रेसले संशोधन गर्ने भन्छ, माओवादी राष्ट्रपतीय प्रणाली भन्छ, एमाले गठबन्धन समाजवाद भन्न थालेको छ। संविधान बनाउनेले नै त्यो संविधान लागू नगर्दै अर्कैथोक गर्दै-भन्दै हिँडेको छ। उनीहरूबाट असल कुरा के आशा गर्नु ? त्यसैले लाचार भएर चुनावकै पछाडि लाग्याछु। म एउटा उल्का गर्ने व्यक्ति वा संस्थाको अपेक्षामा छु जसले समस्या समाधान गरोस् तर त्यो उल्का गर्ने वा त्यसमा हात हाल्ने व्यक्ति र संस्था टिक्ला कि नटिक्ला भन्ने प्रश्न पनि छ। किनकि अनुभव, भोगाइ, सकारात्मक छैन। उदाहरण जति पनि छन्- पुष्पकमल दाहालभन्दा बिग्रने ठाउँ कहीँ छैन। एमाले, काङ्ग्रेस के भनेर आए, के गर्दैछन् ? त्यो आशा कोसँग गर्ने ? नेपाली सेनाबाट त्यो आशा गर्न सकिन्न। प्रहरी, अदालत, निर्वाचन आयोग, सकारी कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर पार्टीका जनवर्गीय सङ्गठन भएका छन्। देश कङ्गाल पारेर विप्रेषणको पैसाले तलब र सुविधा खाएर देश चलेको छ। तलब खान युवाहरूलाई ५० डिग्री सेल्सियसभन्दा माथिको गर्मीमा धकेलिएको छ। त्यसैले सबैलाई नसके पनि धेरैजसो जनतालाई समेट्न सक्ने संस्था र व्यक्तिको आवश्यकता छ। तर त्यो चित्र अझसम्म देख्न सकिएको छैन।

> **“ देशले एकपटक अप्रिय निर्णय लिनुपर्छ। तर निजी स्वार्थका कारण मान्छेहरू बोल्दैनन्। स्वार्थले कसरी गाँजेको छ भने मेरो जीवनमा त मैले समाधान देखेको छैन। तपाईंको पुस्ताले गर्ला त ? भन्न सक्दिनँ। त्यो अप्रिय निर्णय केके होला ? विकल्प धेरै छन्। आर्थिक, सामाजिक, सैनिक, व्यवस्थापकीय हिसाबले आश्रित छौं। म चुनावमा गएको छु तर मलाई थाहा छ यसले केही हुनेवाला छैन।**
>
> ... ...
>
> **देश कङ्गाल पारेर विप्रेषणको पैसाले तलब र सुविधा खाएर देश चलेको छ। तलब खान युवाहरूलाई ५० डिग्री सेल्सियसभन्दा माथिको गर्मीमा धकेलिएको छ। त्यसैले सबैलाई नसके पनि धेरैजसो जनतालाई समेट्न सक्ने संस्था र व्यक्तिको आवश्यकता छ।**

➲ ***सङ्घीयताका विषयमा यहाँको धारणा ?***

अमेरिकाको सङ्घीयता बेलायतसँग लड्ने क्रममा आयो। अस्ट्रेलिया एउटा महादेश नै हो जहाँ केन्द्रीकृत शासन उसबेला सम्भव नै थिएन। बाबुरामले स्विट्जरल्यान्डको सङ्घीयताको अनुभव नेपालमा लागू गर्ने कुरा गरेपछि मैले उनलाई सार्वजनिक रूपले चिठी लेख्दै "डाक्टरसाप, स्विट्जरल्यान्ड पढ्नुभएको छ ?" भनेको थिएँ। त्यहाँ फ्रेन्च, जर्मन र इटालियनभाषी छन्। एउटा भाषा बोल्ने ठाउँमा अर्को भाषी नै भेटिन्न। नेपालमा २० प्रतिशतभन्दा बढी भाषित जातीय भूभाग छैन। सिन्धुपाल्चोकमा तामाङ भाषाको विद्यालय मैले खोलेको हो। मातृभाषामा विद्यालय खोल्न र मदरसा खोल्न मैले प्रारम्भ गरें। अरूले त गफ मात्रै गरिराख्या छन्। प्रज्ञाप्रतिष्ठानले नेपालका सबै भाषाको अध्ययन, लेखन, संरक्षण गर्‍यो। राजालाई गाली गर्ने आफूले त्यत्ति पनि नगर्ने भएको छ। सङ्घीयता नेपाली जनताको आवश्यकता होइन। नबुझेका, इमान नभएकाले देश बनाउँदैन। भन्छन् नि 'बोकाले दाइँ हुन्न।'

➲ ***प्रसङ्ग बदलौं, तपाईंले कमल थापालाई राजतन्त्र र हिन्दु राष्ट्रको नक्कली कुरा मात्र गरेको आरोप लगाएर अलग पार्टी बनाउनुभयो। त्यति पनि कुरा नगर्ने झन् परको राप्रपा (प्रजातान्त्रिक) मा विलय हुनुभयो। यो अन्तरविरोधी भएन र ?***

राप्रपा (प्रजातान्त्रिक) ले 'परम्परागत शक्तिको जगेर्ना र संवर्द्धन' गर्ने भन्ने स्पष्ट गरेको छ। राप्रपा (नेपाल) को बाहिर चर्का कुरा, भित्र त्यत्ति पनि छैन। मैले बुझाउन नसकेको होला। राजा शब्द नराखीकन राजावादी काम हामीले गरेका छौं। उनीहरूले स्वाङ मात्र पारेका छन्। अघिल्लो दिनसम्म संविधान च्यातेर फाल्छौं भन्ने, अर्को दिन कमल थापाले विश्वको उत्कृष्ट संविधान भनेपछि हामी छाँगाबाट खसेझैं भएका थियौं। संविधान बनाउनेले त विश्वको उत्कृष्ट संविधान भनेको छैन। सर्वस्व हारेको शक्तिले सर्वोत्कृष्ट भन्नेसम्मको नौटङ्की भएको कारण हामी अलग भयौं। हाम्रो बोल्ने र गर्ने एउटै छ। राप्रपा (नेपाल) मा राजा र धर्म बाहिर हल्ला गर्ने विषय मात्रै छ। हेर्नुस् न पार्टीको प्रमुख नेता एउटा गठबन्धनमा छ, दोस्रो स्तरको नेता अर्को गठबन्धनमा छ। त्यो पार्टी काग हो कि बकुल्ला ? के हो, के हो थाहा छैन। १८ जना मन्त्रीहरू बिनाविभागीय भएर सरकारी सुविधा खाएर बसेका छन्। यो आचारसंहिता उल्लङ्घन होइन ? नैतिक प्रश्न होइन ? मैले त्यसो गरेको छैन। नीति र व्यवहारमा अन्तरविरोध छैन।

➲ ***नेपालको जनयुद्धमा राजा र माओवादी अथवा शाहीसेना र जनसेना लडे। गृहयुद्धमा रमिते बनेको, निर्णायक भूमिका नभएको बिचौलिया शक्ति सत्तारूढ भएको छ। त्यसलाई कसरी हेर्नुभएको छ ?***

१२ बुँदेमा राजा हटाउने भनेकै छैन। निरङ्कुश राजतन्त्र त कसैले पनि चाहेको छैन। धर्म, सङ्घीयता जनयुद्धमा खासै उठेको थिएन। राती १२ बजे एकाएक धेरै कुरा आए। राजा न कानुनले फाल्यो, न विद्रोहले फाल्यो। मैले पहिले नै प्रतीकात्मक रूपमा भनेको छु। हाम्रो देश आश्रित र नियन्त्रित छ। नेताहरू पालित र पोषित छन्। हरेक ठाउँमा बिचौलयाको राज छ। शासन व्यवस्थामा पनि त्यही भएको छ। अर्को उज्यालो पक्ष पनि छ। देश बचाउन, बनाउन रगत बगाउने पुर्खा पनि छन् जसको कारण देश रहेको छ। हामी हाम्रो पुर्खाले रगत बगाएर बनाएको देश जथाभाबी, गर्न दिन्नौं। यो देश त्यही विचारले गर्दा अडेको छ।

➲ ***नेपालमा क्रिस्चियन धर्म फैलिएको प्रति यहाँको धारणा ?***

क्रिस्चियन धर्म धर्मका लागि नभएर अरू नै उद्देश्यले आएको हो। नेपालमा धार्मिक समस्या नै छैन। भारतमा जस्तो साम्प्रदायिक समस्या पनि थिएन। राजदरबारको पूजाकोठाबाट दक्षिणतिर हेर्नासाथ मस्जिद देखिन्छ। यस्तो देशमा धर्मनिरपेक्षता किन ? चीनमा वार्षिक ५ करोडजति मान्छे क्रिस्चियन भएका छन्। त्यो देश कति दिन सुरक्षित रहला ? लेखेर राख्नुहोस् दस-बीस वर्षमा चीन बौद्ध धार्मिक देश बन्छ। नेपालमा धर्मको कुरा धर्मका लागि नभएर पश्चिमाहरूको राजनीति हो। हेलिकोप्टरमा चढेर चुनाव प्रचार गर्ने पैसा कहाँबाट आउँछ ? त्यसको स्रोत के हो ? समस्या यसैमा छ। गोरु जोतेर, मकै बेचेर अउँछ ? यो मेरो होइन, निर्वाचन आयोगको कुरा हो कि पुष्पकमल दाहालपछि परिवार दल धेरै खर्च गर्नेमा परेका छन्। महेन्द्रको पालामा सबैभन्दा लामो समय परराष्ट्र मन्त्री भएका रणधिर सुब्बा क्रिस्चियन थिए। लैनसिंह बाङ्देल क्रिस्चियन नै थिए। हिन्दु राष्ट्रमा कसैको मानमर्दन थिएन। मुसलमानलाई हज गराउन राज्यले लगानी गर्छ। यस्तो सहिष्णु समाज अन्यत्र छैन। नेपाली सेनामा हतियार बनाउने, मर्मत गर्ने काममा अझै पनि मुस्लिमको वर्चस्व छ। यो पृथ्वीनारायण शाहको पालादेखिको परम्परा हो। मेरा बाजेले बन्दुक पड्काए, बनाइदिने त मुस्लिम हो।

➲ ***पूर्वराजा ज्ञानेन्द्रले मैले जिम्मेवारी लिने बेला भयो भनेका छन्, यसको अर्थ के हुनसक्छ ?***

राजतन्त्र फर्किन सक्छ भन्ने लागेर अथवा फर्काइदेऊ भनेको, अपपल गरेको होला। अहिले जे भइरहेको छ त्यो भनेको राजतन्त्र बोलाएकै त हो। बोलाइरहेकै छन्। आउने देखेरै भनेका होलान्। जनता झन्झन् छट्पटीमा छन्। वस्तुगत आधार बन्दै गएको छ।

➲ ***क्रान्ति र कानुनी दुवै प्रक्रिया नभएर हुलहालमा राजतन्त्र हट्यो भन्न खोज्नुभएको हो ?***

अन्तरिम संविधानमा राष्ट्रलाई दूरगामी प्रभाव पर्ने कुरा जनमतसङ्ग्रहबाट फैसला गर्ने प्रावधान थियो तर जनतालाई नसोधी राजतन्त्र फालियो। हिजो माओवादीको जनमत कति थियो ? आज कति छ ? भोलि जनमत के होला के भन्न सकिन्छ र ? जनयुद्धले पराजित गरेको भए अर्कै कुरा हुन्थ्यो। विद्रोहले त कतिपय ठाउँमा राजाको टाउकै काटेको छ। तर हाम्रो देशमा छलछामले रातारात जनता सुतेको बेला कताबाट कसरी भयो ? यो सहज र सामान्य छैन। राजा वीरेन्द्रले जनमतसङ्ग्रह गरेकै थिए। आज जनमतदेखि डराउनु पर्दैन। जनमतले जे भन्छ मान्न सकिन्छ। धर्म र राजतन्त्रका विषयमा अन्तिम टुङ्गो जनमत सङ्ग्रहबाट हुनुपर्छ।

वर्ष ३, अङ्क २३, पूर्णाङ्क ११८
रातो खबर साप्ताहिक

# बन्दुकको पोल्टामा लोकतन्त्र

■ रातो खबर संवाददाता/

गएको स्थानीय तहको निर्वाचनदेखि नै नेकपाले शान्तिपूर्ण रुपले चुनाव खारेजी अभियान चलाएको थियो । जनसभा, पर्चा, पोष्टर, भित्तेलेखन जस्ता विधिहरु प्रयोग गरेर आफ्ना विचारहरु जनसमक्ष लगेको हो । नेकपाको पक्षमा जनमत प्रकट हुँदासाथ प्रशासनले बल प्रयोग गऱ्यो । भित्तामा नारा लेखिरहेका कार्यकर्ता पक्रिए । पोष्टर च्यातेर फाल्न थालियो । महेन्द्रनगर, सुर्खेत, चितवन, विराटगनर, विरगन्जलगायत खुला सभाहरुमा प्रहरी हस्तक्षेप भयो । स्थानीय प्रशासनले चुनावको विपक्षमा गतिविधि गर्न नदिने 'माथिको आदेश' भन्दै हस्तक्षेप र पक्राउ गर्न थाले । नेकपाले शान्तिपूर्ण कार्यक्रम गर्न नदिने भए अर्को बाटो जान बाध्य हुने चेतावनी दिएको थियो तर सरकारले सुनेन । सरकारी र सरकारी विचारका वाहक बुद्धिजीवीहरुले वेवास्ता गरिरहे । नेकपाको विचार जनतामा जान नदिने र आफ्ना जनविरोधी तथा राष्ट्रविरोधी हर्कत एकछत्र चलाउने दाउमा सरकार देखिन्छ । जनतालाई सही विचारबाट रोक्ने उद्देश्यले सरकारी गठबन्धन, दलाल संसदीय व्यवस्था र त्यसका वाहक चारैवटा अङ्गहरु मिलिभगत गरिरहेका छन् । अस्पतालमा उपचार गराइरहेका, कक्षा कोठामा पढिरहेका सबै पक्राउ गर्न थालियो । नेकपाको विचार र संगठनको उदयभित्र प्रचण्ड-बाबुराम मण्डलीको निषेध निहित छ र त्यससँगै दलाल संसदीय व्यवस्थाको जनविरोधी, देशद्रोही चरित्र उदाङ्गो हुनेवाला छ । त्यसकारण नेकपामाथि सरकारी पूर्वाग्रह र दमनकारी नीति कायम छ । जब नेकपाले प्रतिरोध गऱ्यो संसदीय व्यवस्थाका छट्टुहरु कोकोहोलो गरिरहेका छन् र उनीहरुद्वारा पालिएका भाडाका बुद्धिजीवीहरु 'वेश्याले पतिब्रताको दाबी गरेझैं' गरिरहेका छन् । देशभित्र विदेशी सेनाले परेड खेल्दा एक शब्द बोल्न नसक्ने लाचार सुरक्षा निकाय धम्कीको भाषा बोलेर 'प्रभुको चाकरी' गर्दैछ । यो समाधान होइन । त्यसप्रकारको भूमिका र शैलीले नकारात्मक इतिहासको पुनरावृत्त मात्र गर्नेछ । समयमै सम्बन्धित सबैको ध्यान पुगोस् ।

कार्तिक १७ गतेदेखि यता मंगलबार साँझसम्म **गिरफ्तार नेकपाका नेता–कार्यकर्ता र सर्वधारणको प्राप्त विवरण** तल प्रस्तुत गरिएको छ -



| क्र.सं | मिति | नाम | गिरफ्तार गरिएको स्थान | आबद्धता | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७४ कात्तिक १७ | जितेन्द्र मोहरा 'महावीर' | न्यूरो अस्पताल, विराटनगर | राज्य समिति सदस्य | विरामी भेट्न जाँदा पक्राउ |
| २ | ,, ,, | एकराज घिमिरे | ,, ,, ,, | – | – |
| ३ | २०७४ कात्तिक २२ | एलिया नेम्वाङ | फिदिम, पाँचथर | जिल्ला समिति सदस्य | – |
| ४ | ,, ,, | डिल्ली कटुवाल | ,, ,, | – | सर्वसाधारण जनता |
| ५ | ,, ,, | मुक्तिराम खड्का | खलंगा, रुकुम | जिल्ला समिति सदस्य | – |
| ६ | ,, ,, | दीपक विष्ट | ,, ,, | जिल्ला समिति सदस्य | – |
| ७ | ,, ,, | सन्तोष सुवेदी 'प्रयास' | मिभिङ, सुवर्णवति गापा, रोल्पा | सेक्रेटरी, रोल्पा | – |
| ८ | ,, ,, | ...................... | ,, ,, ,, ,, | – | – |
| ९ | ,, ,, | दलबहादुर खत्री 'जागृति' | लिवाङ, रोल्पा नपा ९, रोल्पा | इन्चार्ज, रोल्पा | अस्पताल जाँदै गर्दा |
| १० | ,, ,, | राम सिंह घर्ती | मालीगाउँ, रोल्पा | – | सातदोवाटोबाट गिरफ्तार |
| ११ | २०७४ कात्तिक २३ | सन्तबहादुर लिम्बु 'सुमन' | न्यूरो हस्पिटल, विराटनगर | केन्द्रीय सदस्य | विरामी अवस्थामा बेडबाट |
| १२ | ,, ,, | रामेश्वर थापा 'विक्रम' | विराटनगर, मोरङ | – | – |
| १३ | ,, ,, | रामप्रसाद राई | ,, ,, | – | – |
| १४ | ,, ,, | रोशन ढकाल | धरान, सुनसरी | – | – |
| १५ | ,, ,, | लक्ष्मण कार्की | ,, ,, | – | – |
| १६ | ,, ,, | चेरुङ तामाङ | घादिङ घरबाट | रसुवा सेक्रेटरी | – |
| १७ | ,, ,, | मोहन घले | धादिङ | – | – |
| १८ | ,, ,, | रामदोङ तामाङ | धादिङ | – | समर्थक |
| १९ | २०७४ कात्तिक २४ | दिपक लकान्द्रे | विर्तामोड, झापा | राज्य समिति सदस्य | – |
| २० | ,, ,, | .............. कुरुङ बाङ | ,, ,, | जिल्ला समिति सदस्य | – |
| २१ | ,, ,, | नवल गजमेर 'इस्लाम' | ,, ,, | मेची संयोजक, जनसांस्कृतिक महासंघ | – |
| २२ | – | सन्तोष परियार 'परिवर्तन' | कास्की | जिल्ला समिति सदस्य | – |
| २३ | – | सुनिल कुमाल | – | विद्यार्थी, जिल्ला सदस्य | मशाल जुलुशबाट |
| २४ | – | दिपक गुरुङ | – | – | – |
| २५ | – | लेख गुरुङ | – | – | – |
| २६ | – | रविन्द्र थापा | – | – | – |
| २७ | – | रामबहादुर राई | – | – | – |
| २८ | – | सवित मगर | – | – | – |
| २९ | – | सागर परियार | – | – | – |
| ३० | – | पदम पोखेल | विजुवार, प्यूठान | अखिल (क्रान्तिकारी) केन्द्रीय समिति सदस्य | |
| ३१ | – | हरी बस्नेत | विजुवार बजार, प्यूठान | जिल्ला समिति सदस्य | |
| ३२ | – | जिरप्रसाद भुषाल | भिङ्ग्री बजार, प्यूठान | – | आफ्नै उद्योगबाट पक्राउ |
| ३३ | – | किशोर कोइराला | लमजुङ | – | – |
| ३४ | – | गोविन्द तिवारी | ,, | जिल्ला समिति सदस्य | – |
| ३५ | – | टेक तारा | ,, | जिल्ला समिति सदस्य | – |
| ३६ | – | जितबहादुर लिम्बु | पाँचथर | – | राती घरबाट पक्राउ |
| ३७ | २०७४ कात्तिक २५ | रामकाजी गुरुङ | लामाचौर, सराङकोट, कास्की | – | घरबाट पक्राउ |
| ३८ | ,, ,, | विजय अधिकारी | लामाचौर, सराङकोट, कास्की | – | घरबाट पक्राउ |
| ३९ | ,, ,, | जगत पुन | दरबाङ, म्याग्दी | जिल्ला समिति सदस्य | – |
| ४० | ,, ,, | प्रेम श्रीस | बेनी बजार, म्याग्दी | व्यवसायी | ट्याक्सी चालक |
| ४१ | – | सन्तोष कोइराला | लमजुङ | सेक्रेटरी | – |
| ४२ | २०७४ कात्तिक २७ | सकल लिम्बु | मेची | राज्य समिति सदस्य | – |
| ४३ | ,, ,, | जागेश्वर अर्याल | खलंगा, प्यूठान | शिक्षक संगठन अध्यक्ष | – |
| ४४ | ,, ,, | संग्राम राई | राँके बजार, पाँचथर | जिल्ला समिति सदस्य | – |
| ४५ | ,, ,, | धनबहादुर खत्री 'टाइगर' | रिजागाउँ सुवर्णावती ५ | जिल्ला समिति सदस्य | – |
| ४६ | ,, ,, | विशाल गजुरेल | गोर्खा | जिल्ला समिति सदस्य | – |
| ४७ | ,, ,, | भरत कोइराला | ,, | – | – |
| ४८ | ,, ,, | अनिल कुमार | ,, | – | – |
| ४९ | ,, ,, | भोला कुमाल | ,, | युवा | – |
| ५० | ,, ,, | मेघराज कुमाल | ,, | युवा | – |
| ५१ | ,, ,, | राजन भट्ट | ,, | पार्टी सदस्य | – |
| ५२ | ,, ,, | निमबहादुर डाँगी | दाङ | इलाका समिति सदस्य | – |
| ५३ | ,, ,, | एकराज घिमिरे | ट्याम्के, भोजपुर | – | – |
| ५४ | २०७४ कात्तिक २८ | डम्बरबहादुर वि.क. | दमौली, तनहुँ | – | मोवाइल पसलबाट पक्राउ |
| ५५ | ,, ,, | बलविर राना | **बर्दिया** | जिल्ला समिति सदस्य | मुद्दाः सार्वजनिक अपराध |
| ५६ | ,, ,, | हिरा पुन | **बर्दिया** | मजदुर जिल्ला अध्यक्ष | ,, |
| ५७ | ,, ,, | कृष्ण साङपाङ | भोजपुर बजार, भोजपुर | – | – |
| ५८ | ,, ,, | पूर्ण कटुवाल | कटारी नपा | जिल्ला समिति सदस्य | – |
| ५९ | ,, ,, | युजिन नेपाली | गाइघाट, | युवा संगठन सदस्य | – |
| ६० | २०७४ कात्तिक २९ | भीम अधिकारी | बाँसगढी, बर्दिया (घर दैलेख) | मजदूर केन्द्रीय सदस्य | मुद्दाः सार्वजनिक अपराध |
| ६१ | ,, ,, | रमेश विक | बाँसगढी, बर्दिया | इकाइ अध्यक्ष | ,, |
| ६२ | ,, ,, | सोनु भाइ | बाँसगढी, बर्दिया | वाइवाई चाउचाउ कारखाना | ,, |
| ६३ | ,, ,, | पूर्णबहादुर महतरा | संगम वस्ती, गुलरिया, बर्दिया | युवाको अध्यक्ष | ,, (हलो जोतिरहेको बेला) |
| ६४ | ,, ,, | तिमती थारु | बर्दिया | जनपरिषद् प्रमुख | मुद्दाः सार्वजनिक अपराध |
| ६५ | ,, ,, | चन्दु थारु | ,, | – | ,, |
| ६६ | ,, ,, | बलबहादुर विक | बाँसगढी, बर्दिया | – | ,, |
| ६७ | ,, ,, | जीवन राई | बोया, षडानन्द १०, भोजपुर | स्वास्थ्यकर्मी | पूर्व पीएलए |
| ६८ | ,, ,, | दुर्गा भट्टराई | षडानन्द २, कुदाकाउले, भोजपुर | युवा संगठन सदस्य | – |
| ६९ | २०७४ कात्तिक ३० | कैलाश गन्धर्व | बाँसगढी, बर्दिया | – | मुद्दाः सार्वजनिक अपराध |
| ७० | ,, ,, | खुमराज गिरी | ,, ,, | – | ,, |
| ७१ | ,, ,, | लोकबहादुर बस्नेत | ट्याम्के, भोजपुर | – | |
| ७२ | ,, ,, | कृष्णकुमार राई 'निकास' | भोजपुर बजार | – | जनयुद्धको घाइते/अशक्त |
| ७३ | ,, ,, | माधव गौतम 'आकाश' | खाल्सा छिन्ताङ, धनकुटा | इन्चार्ज | – |
| ७४ | ,, ,, | मोहन ओझा 'विज्ञान' | हिले, धनकुटा | जिल्ला समिति सदस्य | – |
| ७५ | ,, ,, | रणकुमार राई | धनकुटा | – | – |
| ७६ | ,, ,, | प्रेम कट्टेल | पाखिबास, धनकुटा | – | – |
| ७७ | ,, ,, | रञ्जित राई | थलथले, धनकुटा | – | – |
| ७८ | ,, ,, | प्रेमबहादुर खड्का | झुलनेटा, त्रिवेणी ६, रुकुम | जिल्ला समिति सल्लाहकार | – |
| ७९ | ,, ,, | मक्कर वली | ,, ,, ,, | जिल्ला समिति सदस्य | विरामी अवस्थामा घरबाट पक्राउ |
| ८० | ,, ,, | योगेन्द्र चौहान | अर्घाखाँची | युवा केन्द्रिय सदस्य | – |
| ८१ | ,, ,, | भक्तबहादुर परियार | ,, | – | – |
| ८२ | ,, ,, | नरिश्वर पाण्डे | ,, | – | – |
| ८३ | ,, ,, | गोपाल नेपाली | ,, | – | – |
| ८४ | ,, ,, | भूमिका श्याम चुडाली | ,, | – | – |
| ८५ | ,, ,, | मित्रदेव घिमिरे | ,, | – | – |
| ८६ | ,, ,, | कपिल भट्ट | जाल्पारोड, लेखनाथ ८, कास्की | राज्य समिति सदस्य | – |
| ८७ | ,, ,, | सञ्जिव कार्की | ,, ,, ,, | पार्टी सदस्य | – |
| ८८ | ,, ,, | पाटन | घोराही, दाङ | युवा राप्ती संयोजक | विरामी अवस्थामा निवासबाट पक्राउ |
| ८९ | ,, ,, | दीपेन्द्र घर्ती | ,, ,, | वि.व्य.स. अध्यक्ष | घरबाट |
| ९० | ,, ,, | डी.वी. बोहरा | ,, ,, | युवा संगठन सदस्य | – |
| ९१ | ,, ,, | रगवीर विश्वकर्मा | सुर्खेत | जिल्ला समिति सदस्य | घरबाटै |
| ९२ | ,, ,, | जितेन्द्र महर्जन | कीर्तिपुर, काठमाडौं | पत्रकार | मुद्दाः सार्वजनिक सुरक्षा |
| ९३ | ,, ,, | फडिन्द्र राजवंशी | पथरी, मोरङ | अखिल (क्रान्तिकारी) अध्यक्ष | |
| ९४ | ,, ,, | लोकराज पाण्डे | भरतपुर, चितवन | किसान मोर्चा अध्यक्ष | – |
| ९५ | ,, ,, | लक्ष्मी न्यौपाने | रनपा, चितवन | जिल्ला समिति सदस्य | – |
| ९६ | २०७४ मंसिर १ | खेमराज थपलिया | बागजार, काठमाडौं | जनसांस्कृतिक महासंघ महासचिव | – |
| ९७ | ,, ,, | अच्युत तिवारी | ,, ,, | प्रलेस | – |
| ९८ | ,, ,, | बैरागी जेठा | ,, ,, | ,, | – |
| ९९ | ,, ,, | रामबहादुर चौधरी | हसुलिया, कैलाली गापा, कैलाली | कैलाली इन्चार्ज | **मुद्दा** : सार्वजनिक |
| १०० | ,, ,, | प्रकाश मल्ल | ,, ,, ,, | | ,, ,, |
| १०१ | ,, ,, | तपेन्द्र रसाइली | कैलाली | | ,, ,, |

... बाँकी पृष्ठ ५ मा

# चिनियाँ विशेषतासहितको प्रमुख–देश कूटनीति विकास गर्दै

**चेन स्यूलोङ (Chen Xulong)**

सन् २०१२ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको १८ औँ राष्ट्रिय महाधिवेशनपछि चीनले चिनियाँ विशेषतासहितको प्रमुख-देश कूटनीतिको अन्वेषणात्मक अवधारणा प्रस्तुत गर्‍यो। अर्को शब्दमा भन्नुपर्दा चीन एक प्रमुख देशका रूपमा बढी अन्तर्राष्ट्रिय जिम्मेवारी बहन गर्नेछ र यसको कूटनीतिसम्बन्धी नीतिले चिनियाँ विशेषता झल्काइरहनेछ। नोभेम्बर २८-२९, २०१४ मा सम्पन्न विदेश नीतिसँग सम्बन्धित कार्यहरूविषयक राष्ट्रिय सम्मेलनमा यो अवधारणा चिनियाँ विदेश नीतिका निम्ति मार्गनिर्देशकका रूपमा स्थापित भएको थियो।

प्रमुख-देश कूटनीतिको अर्थ चीनले उदीयमान शक्तिको छवि प्रस्तुत गर्ने, अझ बढी ठूलो अन्तर्राष्ट्रिय जिम्मेवारी बहन गर्ने, स्वच्छता तथा समता कायम गर्दै एवम् न्यायमा अडिग भएर अन्तर ाष्ट्रिय समुदायका निम्ति ठूल्ठूला योगदान पुर्‍याउने तथा अझ बढी गुणस्तरीय अन्तर्राष्ट्रिय सार्वजनिक उत्पादन उपलब्ध गराउने हो।

'चिनियाँ विशेषता' को शब्दावलीले यो अवधारणाको प्रमुख आशय बोकेको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले त्यस्तो चिनियाँ विशेषताले निम्न चार पक्ष प्रस्ट देखाउनुपर्ने बताएका छन् :

प्रथम, कूटनीति सञ्चालन गर्दा चिनियाँ जनताले व्यापक रूपमा समर्थन जनाएको सामाजिक व्यवस्था र विकासको बाटो अर्थात् चीकपाको नेतृत्वमा चिनियाँ विशेषतासहितको समाजवादप्रति बफादार भएर लाग्नुपर्छ।

दोस्रो, चीनले शान्तिका लागि स्वतन्त्र विदेशनीति, शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त र अरू देशको आन्तरिक मामिलामा अहस्तक्षेपजस्ता चिनियाँ विदेशनीतिका सुन्दर परम्परालाई कायम राख्नुपर्छ।

तेस्रो, समता, स्वच्छता र न्यायको रक्षाको उद्देश्य हासिल गर्ने कार्यमा चीन अग्रसर रहनेछ। त्यसले विकासशील मुलुकहरूको समग्र हित कायम राख्न र अन्तर्राष्ट्रिय सम्बन्धको प्रजातान्त्रीकरण गर्न टेवा पुर्‍याउनेछ।

चौथो, चीनको विदेश नीतिले चीनकै विकास र सुधार तथा खुलापनको अभियानका निम्ति टेवा पुर्‍याउनुपर्छ। समष्टिमा चीनलाई विश्वको दोस्रो ठूलो अर्थतन्त्र भनिए तापनि चीन अन्य देशहरूभन्दा अलग्ग परिचय भएको विकासशील देश हो। त्यसकारण चिनियाँ विदेशनीतिले स्थिर र मैत्रीपूर्ण बाह्य वातावरण तयार गर्नुपर्छ र यसले चीनकै आन्तरिक विकासमा योगदान पुर्‍याउनुपर्छ।

**आपसी हितमा आधारित सहकार्य नै एउटा उपाय**

चिनियाँ विशेषतासहितको प्रमुख देश-कूटनीतिले आपसी हितको सहकार्य नै अन्तर्राष्ट्रिय सम्बन्धको मार्गनिर्देशक सिद्धान्त हुनुपर्नेमा जोड दिन्छ। तसर्थ चीनको अन्तर्राष्ट्रिय आदानप्रदान र सहकार्यका सम्पूर्ण पक्षमा यो सिद्धान्त समेटिएको छ।

रेसम मार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग अवधारणाले चीनको विकास र वरपरका देशहरूको विकासको रणनीतिलाई एकाकार गर्दछ। यसले क्षेत्रीय समन्वय बढाउनेछ।

यसैबीच चीनले नयाँ सहकार्यको ढाँचा तयार गर्ने उद्देश्यले विकासशील देशहरूसँग आफ्नो विकासको खाका जोड्न खोजेको छ।

चीन र दक्षिण-पूर्वी एसियाली देशहरूको सङ्गठन, आसियान ९ब्क्भ्ब्ल० आपसी हित बढाउन र समान परिणाम हासिल गर्न सहकार्य अझ बढाउनेतर्फ सक्रिय छन्। सातवटा क्षेत्रमा प्रयासहरू थालिएका छन्। तीमध्ये चीन र आसियान मुलुकहरूबीच असल छिमेकी र मैत्रीपूर्ण सहकार्यसम्बन्धी सन्धिबारे छलफल, चीन-आसियान स्वतन्त्र व्यापार क्षेत्रको स्तरोन्नतिविषयक सम्झौता, एकआपसमा (स्थल तथा जल मार्गबाट) जोड्नका निम्ति भौतिक पूर्वाधार निर्माणमा द्रुतता, अर्थ र खतराबाट जोगिन क्षेत्रीय सहकार्य बढाउने, सुरक्षा मामिलामा आदानप्रदान तथा सहकार्यलाई बढावा दिने, जनस्तरमा सम्पर्कको विकास, विज्ञान तथा प्रविधि र वातावरण रक्षालाई जोड दिनेजस्ता विषयहरू पर्दछन्।

चीन-अफ्रिका सहकार्य विकास गर्ने क्रममा दुई पक्षले एकले अर्कोलाई समान व्यवहार गर्ने, ऐक्यबद्धता र आपसी विश्वासमा जोड दिने र समावेशी विकास र सिर्जनात्मक एवम् व्यावहारिक सहकार्यतर्फ अगाडि बढ्नेजस्ता कुरामा जोड दिइनेछ। द्विपक्षीय सहकार्यका ६ वटा क्षेत्रलाई प्राथमिकता दिइएको छ- उद्योग, अर्थ, गरिबी निवारण, वातावरण रक्षा, जनस्तरमा आदानप्रदान र सुरक्षा। चीन-अफ्रिका सहकार्य मञ्चलाई चीनले महत्वपूर्ण आदानप्रदानको दबुका रूपमा उपयोग गर्नेछ।

क्षेत्र र मार्गको अवधारणा ९त्जभ द्यभति ७ च्यबम क्ष्लष्तष्बतष्खभक० ले पुरानो रेसम मार्गले झैँ चीन र अरब देशहरू जोसँग प्राचीन कालमा व्यापारिक साझेदारी थियो, लाई झन् नजिक ल्याउनेछ। द्विपक्षीय सहकार्यमा ऊर्जा क्षेत्रलाई केन्द्र भागमा राखेर दुई पक्षले व्यापार र लगानीका निम्ति सहजीकरण प्रयास गर्नेछन्, पूर्वाधार निर्माण वृद्धि गर्नेछ र आणविक शक्ति, अन्तरिक्ष यान (उपग्रह) र नयाँ शक्तिजस्ता तीनवटा उच्च प्रविधि ९ज्ष(तभअज० उद्योगहरूका निम्ति उपायको खोजी गर्नेछ।

ल्याटिन अमेरिकी समुदाय र क्यारेबियाली राज्यहरूसँग सम्बन्ध अगाडि बढाएर चीन समावेशी वृद्धि र दिगो विकास हासिल गर्न चाहन्छ। सन् २०१५-२०१९ को सहकार्य योजना निर्माणपछि चीन र क्यारेबियाली राज्यहरूले विकासका रणनीतिहरू एकीकृत गर्दैछन्। द्विपक्षीय सहकार्यको प्राथमिकता ऊर्जा, पूर्वाधार, कृषि, निर्माण, नयाँ प्रविधि र सूचनाप्रविधिमा हुनेछ।

चीनले दक्षिणएसियाली मुलुकहरूसँग पनि सहकार्यलाई अगाडि बढाइरहेको छ र एसियामा नयाँ सुरक्षा सहकार्यको ढाँचा निर्माण गर्न प्रयत्न गर्दैछ। यसैबीच चीनले ब्रिक्स मुलुकसँगको आदानप्रदानलाई अगाडि बढाइरहेको छ। यसले एकीकृत बजार निर्माण र स्थल, आकाश तथा जलमार्गबाट जोड्ने कार्यलाई अगाडि बढाउनेछ।

**संलग्नता होइन, साझेदारी निर्माण**

चिनियाँ विशेषतासहितको प्रमुख-राज्य कूटनीतिले संलग्नताको निर्माण होइन साझेदारीको निर्माण गर्न खोज्छ। यो साझेदारी तीन विशेषताहरूको कारण भिन्न छ : एक, समानता। चीनले हरेक देशलाई आकार वा समृद्धिको कुनै पर्वाह नगरी समानतापूर्वक व्यवहार गर्नुपर्ने र एकले अर्कोको सार्वभौमिकता, स्वायत्तता, भूअखण्डता, विकासको मार्ग र मान्यताहरूको सम्मान वा कदर गर्नुपर्ने मान्यता राख्दछ।

दोस्रो, शान्ति। साझेदारी र सैनिक गठबन्धनबीच प्रस्ट भिन्नता भनेको अघिल्लोले देश-देशबीचको सम्बन्धमा दुवै पक्षको बराबर हितमा जोड दिन्छ र द्वन्द्व र सैनिक हस्तक्षेपबाट टाढा राख्छ।

तेस्रो, समावेशी। साझेदारीले सामाजिक व्यवस्था र विचारका भिन्नतालाई नाघेर आपसी हित र साझा उद्देश्य हासिल गर्न खोज्छ। राष्ट्रपति सी जिनपिङले भन्नुभएजस्तै साझा भावनासहित एउटै बाटोमा अग्रसरहरू साझेदारजस्तै बन्न सक्छन् जसरी मतभेदहरूलाई थाती राखेर साझा मिलनबिन्दुमा पुगिन्छ। साझेदारीमा कुनै हालतमा पनि दण्डको सिद्धान्त समावेश हुँदैन। अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका क्रममा चीन स्वतन्त्र विदेश नीतिमा प्रतिबद्ध छ र तथ्यका आधारमा निर्णय गर्दछ।

चीनले अन्तर्राष्ट्रिय साझेदारी सञ्जाल निर्माणका निम्ति प्रयत्न गर्ने क्रममा ७२ किसिमका साझेदारी ६७ वटा देश र पाँच क्षेत्रहरूमा फैलाएको छ। चीनले सन् २०१४ को नोभेम्बरमा एसिया-प्रशान्त आर्थिक सहकार्य ९ब्एभ्ऋ० बैठक सफलतापूर्वक सम्पन्न गर्‍यो। उक्त बैठकले एसिया-प्रशान्त सहकार्यको भविष्यले आकार लियो।

चीन-ईयू सम्बन्ध पनि उल्लेखनीय छ। यो महत्वपूर्ण विशेषताले युक्त नयाँ मोडल हो। यो सम्बन्ध चीनले अन्तर्राष्ट्रिय रूपमा स्थापना गर्न खोजेको दीर्घकालीन, स्थिर र स्वस्थ खालको प्रमुख-देश सम्बन्धजस्ता विशेषताले युक्त छ। गत मार्चमा सम्पन्न राष्ट्रपति सी जिनपिङको युरोप भ्रमणका क्रममा शान्ति, बृद्धि ९न्ज्इध्त्ज० , सुधार, सभ्यताको विकास, चीन-ईयूबीच विस्तृत साझेदारी निर्माणमा सहमति भयो।

**प्रमुख-देश सम्बन्धको नयाँ तरिका**

चिनियाँ विशेषतासहितको प्रमुख-देश कूटनीतिको वकालत गर्दा चीन प्रमुख-देश सम्बन्धको नयाँ तरिकाको खोजीमा छ। अन्तर्राष्ट्रिय समुदायको आँखा निरन्तर विश्वका दुई महाशक्ति चीन-अमेरिकाबीचको सम्बन्धमाथि परिरहेको छ। चीनको नयाँ कूटनीतिक अवधारणाले चीन र संयुक्त राज्य अमेरिकाले आआफ्ना देशका जनताका आधारभूत हित तथा समग्र मानव समुदायको विकासका निम्ति नयाँ विचार अवलम्बन गर्नुपर्छ र प्रमुख-देश सम्बन्धको नयाँ तरिका सुरु गर्नुपर्छ।

सन् २०१३ को जूनमा चीन र अमेरिकी अगुवाहरूबीच अन्नवर्ग इस्टेट ९ब्ललभदभचन भ्कतबतभ० मा बैठक सम्पन्न भयो। त्यो बैठकमा राष्ट्रपति सी जिनपिङले चीन र अमेरिकाबीचको प्रमुख-देश सम्बन्धको नयाँ तरिकाका विषयमा आवश्यक विचारको सारसङ्क्षेप प्रस्तुत गर्नुभयो।

प्रथमतः द्वन्द्व र प्रत्यक्ष मुठभेडबाट टाढा रहनुपर्छ भन्ने विचार हो। दुई पक्षले एक-अर्कोको रणनीतिक उद्देश्यबारे वस्तुगत अवधारणा विकास गर्नुपर्छ र प्रतिद्वन्द्वी होइन, साझेदार बन्नुपर्छ। विरोधाभास र मतभेदहरूलाई भिडन्तबाट होइन, विस्तृत वार्ताका माध्यमबाट सल्टाइनुपर्छ।

आपसी सम्मान दोस्रो विषय हो। दुवै पक्षले एक-अर्काका सामाजिक व्यवस्थाहरू र विकासका मार्ग, प्रमुख हितहरू र मुख्य चासोहरूको सम्मान गर्नुपर्छ। एकरूपतातिर ध्यान दिनुपर्छ। दुवै समावेशी हुनुका साथै एकले अर्कोबाट सिक्न तयार हुनुपर्छ किनभने साझा प्रगति प्राप्त गर्न सकियोस्।

तेस्रो, सहकार्य र दुवै पक्षलाई सन्तोषजनक परिणाम। आआफ्नो हित हासिल गर्दा दुवै पक्षले एकले अर्काको ध्यान दिनुपर्छ। विकास गर्न खोज्दा दुवै पक्षले साझा विकासलाई प्रोत्साहन दिनुपर्छ किनभने आआफ्नो हित झन् बढोस् र अन्तरसम्बन्धित होस्। राज्य काउन्सिलर ९क्तबतभ ऋयगलअषयचि० याङ चिचीले भनेझैँ चीन र अमेरिकाजस्ता महाशक्तिहरूबीच यो ढङ्गको सम्बन्ध विकास हुनु भनेको महत्वपूर्ण सहमति हो जुन विश्वमामिला, राष्ट्रिय अवस्था र आपसी सम्बन्धका भाबी प्रगतिमा आधारित छ। दुई देशबीच द्वन्द्वको ऐतिहासिक परम्परालाई नाघेर महाशक्तिहरूबीच नयाँ ढङ्गको सम्बन्धको सुरुआतले राजनीतिक सुझबुझ झल्काउँछ।

**न्यायको व्यवस्थापन र शान्तिपूर्ण विकासको प्राप्ति**

चीनको नयाँ कूटनीतिक अवधारणाले अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत नियमहरूको पालना र अहस्तक्षेपको नीतिमा अडिग हुनुपर्ने माग गर्दछ तर अन्तर्राष्ट्रिय मामिलामा भने आफैँ अग्रसर भई सक्रिय हुन्छ। इरानको आणविक कार्यक्रम, केरियाली प्रायःद्वीपको समस्या, युक्रेनको द्वन्द्व, इजरायली र प्यालेस्टाइनबीचको शत्रुता र आतङ्कवाद र इबोलाविरुद्धको सङ्घर्षजस्ता अन्तर्राष्ट्रिय चासोका विषयमा चीनको संलग्नता अपरिहार्य बनेको छ। वस्तुपरक तथा स्पष्ट अडानका माध्यमबाट चीनले शान्तिवार्तालाई प्रोत्साहन दिएको छ र विश्व शान्ति तथा स्थायित्वका निम्ति विश्वशक्तिको नाताले विशिष्ट भूमिका निर्वाह गर्‍यो।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का स्थायी सदस्यहरूमध्ये चीनले सबैभन्दा बढी शान्ति सेनाको सङ्ख्या अर्थात् जम्मा २० हजार पठायो।

चिनियाँ विशेषतासहितको प्रमुख-देश कूटनीतिका निम्ति राष्ट्रिय स्वार्थको दृढ प्रतिरक्षा र द्वन्द्वको शान्तिपूर्ण समाधान आवश्यक हुन्छ। यसैकारण चीन दृढतापूर्वक जापानद्वारा गरिएको चिनियाँ भूभागमाथिको अतिक्रमण, इतिहास बङ्ग्याउने उसको प्रयास र युद्धपछिका नियमको ठाडो उल्लङ्घनको विरोध गर्दछ। दक्षिणी चिनियाँ समुद्रकै विषयको सन्दर्भमा समेत विवादहरूको मैत्रीपूर्ण सम्झौताको माध्यमबाट शान्तिपूर्ण समाधानका लागि विवादहरूसँग प्रत्यक्ष सम्बन्धितहरूलाई छोडिदिनुपर्छ भन्ने चीनको मान्यता छ। दक्षिणी चिनियाँ समुद्रमा शान्ति तथा स्थायित्व कायम गर्न चीन र आसियान देशहरूले संयुक्त रूपमा जिम्मेवारी बहन गर्नुपर्छ।

अन्त्यमा, चीनको नयाँ कूटनीतिक अवधारणाले न्याय र हितबारे सही दृष्टिकोणको वकालत गर्दछ। राजनीतिक क्षेत्रमा चीन न्याय र समताको पक्षधर छ भने आर्थिक क्षेत्रमा चीन आपसी हित, दुवैका निम्ति सन्तोषजनक परिणाम र साझा विकास चाहन्छ।

चीनले आफूसँग लामो समयदेखि मैत्रीपूर्ण सम्बन्ध भएका तर हाल विकासकार्यमा कठिन परिस्थिति झेलिरहेका छिमेकी तथा विकासशील देशहरूको हितका निम्ति बढी प्राथमिकता दिनेछ।

चिनियाँ विशेषतासहितको प्रमुख-देश कूटनीति र पश्चिमा कूटनीतिको अवधारणाबीच भिन्नताहरूका अलावा अघिल्लोले प्रमुख-देश कूटनीतिका आधारभूत नियम तथा साझा उपायहरू अवलम्बन गर्दछ। पश्चिमा देशहरूका आधुनिक अवधारणाहरू र अभ्यासहरू सिक्न चीन खुला मन र समावेशी प्रकृतिको छ। चीनले बहुपक्षीय संरचना र अन्तर्राष्ट्रिय आचारसंहिता र अन्तर्राष्ट्रिय कानुनलाई अगाडि बढाउने, विश्व राजनीतिमा गहिरो संलग्नता र विश्वको दिगो विकास तथा सुरक्षामा बढाउँदै लगेको प्रभाव आदि विषयमा दिँदै गरेको महत्वले त्यस कुरालाई थप प्रस्ट पार्दछ।

Developing Major-Country Diplomacy
with Chinese Characteristics
CHINA TODAY
Vol. 64, March 2015

## बन्दुकको पोल्टामा ...

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ | ,, ,, | मिनराज गिरी | कैलाली | | ,, ,, |
| १०३ | ,, ,, | गुनप्रसाद खनाल | धावा, भीमसेन गापा, धादिङ | पार्टी सदस्य | – |
| १०४ | ,, ,, | गोपाल पराजुली | भोजपुर नपा, भोजपुर | | – |
| १०५ | ,, ,, | दुर्गा थापा | बायाँटारी, वालिङ नपा, स्याङजा | युवा संगठन सदस्य | – |
| १०६ | ,, ,, | सूर्य अर्याल | राङसिराङ गा.पा, मकवानपुर | जिल्ला समिति सदस्य | घरैबाट गिरफ्तार |
| १०७ | ,, ,, | केदार माझी | खुर्कोट, सिन्धुली | – | घरबाट गिरफ्तार |
| १०८ | ,, ,, | दिपेश शाही | भक्तपुर | – | ठेगानाः धमाली, अछाम |
| १०९ | ,, ,, | लालबहादुर सुनार | लिवाङस्थित कम्प्यूटर पसलबाट | – | ठेगानाः सुवर्णावती, क्वालीगाउँ |
| ११० | २०७४ मंसिर २ | विगा चौरसिया | बरुवा, विन्दबासिनी, विरगञ्ज १९, पर्सा | भोजपुरा जनपरिषद् प्रमुख | घरबाट गिरफ्तार |
| १११ | ,, ,, | शुशिला गौतम | ताप्लेजुङ | शिक्षिका | कक्षा कोठाबाट गिरफ्तार |
| ११२ | ,, ,, | शशिधर ठटाल | म्याङलुङ बजार, तेह्रथुम | नगर समिति सदस्य | – |
| ११३ | ,, ,, | रामकृष्ण रिजाल | फेदाप गापा, तेह्रथुम | – | – |
| ११४ | ,, ,, | गौरी सापकोटा | इसिबुङ, तेह्रथुम | – | – |
| ११५ | ,, ,, | दिवस भुषाल | सप्तगण्डकी क्याम्पस, चितवन | विद्यार्थी | कक्षा कोठाबाटै गिरफ्तार |
| ११६ | ,, ,, | कमल मिश्र | ,, ,, ,, | ,, | ,, ,, |
| ११७ | ,, ,, | सरोज भट्टराई | ,, ,, ,, | ,, | ,, ,, |
| ११८ | ,, ,, | केशवराज भट्टराई | ,, ,, ,, | ,, | ,, ,, |
| ११९ | २०७४ मंसिर ३ | लालबहादुर बि.सी. | कटहरचोक, भरतपुर, चितवन | इन्चार्ज चितवन | |
| १२० | ,, ,, | पुस्कर श्रेष्ठ | मोरङ | इन्चार्ज मोरङ | |
| १२१ | ,, ,, | पूर्ण श्रेष्ठ | बागबजार, काठमाडौं | सर्वसाधारण | ठेगानाः मेलुङ, दोलखा |
| १२२ | ,, ,, | टिकाराम चौधरी | स्वयम्भु, काठमाडौं | – | ठेगानाः पातलपुर, बर्दिया |
| १२३ | ,, ,, | मिलन लामा | बुढानिलकण्ठ, काठमाडौं | – | ठेगानाः लिसंखु, सिन्धुपाल्चोक |
| १२४ | ,, ,, | हिमलाल पुन | सुनछहरी ६, रोल्पा | – | – |
| १२५ | ,, ,, | धनबहादुर थापा 'विश्लेषण' | रोल्पा नपा १०, रोल्पा | – | – |
| १२६ | ,, ,, | मिनराम विष्ट | सुवर्णवती ५, रोल्पा | – | – |
| १२७ | ,, ,, | खड्गबहादुर केसी | ,, ,, | – | – |
| १२८ | ,, ,, | अनन्त धिताल | समुद्रटार, दुप्चेश्वर ६, नुवाकोट | – | – |
| १२९ | ,, ,, | धर्म सिंह नेगी 'विचित्र' | तातोपानी नाका, सिसमझाला, डडेलधुरा | – | पूर्व सेक्रेटरी |
| १३० | ,, ,, | विरबहादुर केसी | धावाङ, रोल्पा | – | – |
| १३१ | ,, ,, | थानेश्वर केसी (७४ वर्षीय) | पुतलीबजार नपा, स्याङजा | जिल्ला समिति सदस्य | अशक्त |
| १३२ | ,, ,, | नरेश विक | रिषिङ गापा ४, तनहुँ | पार्टी सदस्य | – |
| १३३ | २०७४ मंसिर ४ | पदम केसी 'जुझारु' | भुमही, नवलपरासी | जिल्ला इन्चार्ज | – |
| १३४ | ,, ,, | हिमाल पुन | रोल्पा | – | – |
| १३५ | ,, ,, | नन्दन अर्याल (८६ बर्ष) | बगवन, कलैया नपा, बारा | – | – |
| १३६ | ,, ,, | दरोगा (८५ बर्ष) | ,, | | |
| १३७ | ,, ,, | पार्वती बि.क. (सामना) | पाल्पा | इञ्चार्ज | |
| १३८ | ,, ,, | भुवन के.सी. | पाल्पा | सेक्रेटरी | |
| १३९ | ,, ,, | डिल्ली नेपाली | उर्लाबारी-२, झापा | | |
| १४० | ,, ,, | जगत मगर | मिक्लाजुङ-३, ... | | |
| १४१ | ,, ,, | प्रकाश घिमिरे | उर्लाबारी-७, झापा | | |
| १४२ | ,, ,, | गोबिन्द कार्की | मिक्लाजुङ-३, ... | | |
| १४३ | ,, ,, | सौरभ सिंह | महागढीमाई-१, बारा | | सर्वसाधारण |
| १४४ | ,, ,, | मोहन सापकोटा | बर्दघाट, नवलपरासी | | |
| १४५ | ,, ,, | राजेश बुढा | डोल्पा | सेक्रेटरी | |
| १४६ | ,, ,, | हरिदत्त अवस्थी | वित्थडचिर गा.पा.-१, बझाङ | पार्टी सदस्य | |
| १४७ | ,, ,, | जुग कठायत | वित्थडचिर गा.पा.-१, बझाङ | पार्टी सदस्य | |
| १४८ | ,, ,, | हरि क्षेत्री | रुपन्देही | | |
| १४९ | ,, ,, | शंकर तामाङ | तानसेन, पाल्पा | | घरबाट गिरफ्तार |
| १५० | ,, ,, | पुष्प कार्की | सराङ्कोट कास्की | किसान संघ अध्यक्ष | |
| १५१ | ,, ,, | एलके रायमाझी | मध्य बानेश्वर, काठमाडौं | जनगणतान्त्रिक सम्पर्क मं | |
| १५२ | ,, ,, | बासुदेव जोशी | डिलासैनी गा.पा.३ रुद्रेश्वर बैतडी | बैतडी सेक्रेटरी | क्रियापुत्री बसेको बेला पक्राउ |
| १५३ | २०७४ मंसिर ५ | प्रकाश डुम्रे | कपिलवस्तु, | पत्रकार | पत्रकार सम्मेलनस्थलबाटै पक्राउ |
| १५४ | ,, ,, | लेखनाथ लामिछाने | धारापानी, रसुवा | | |
| १५५ | ,, ,, | ध्रुव गौडेल | वालिङ नपा १३ बायाँटारी बजार, स्याङ्जा | | |
| १५६ | | विमला आले | ब्यास १४, भोर्लेटारचोक तनहुँ | अखिल क्रान्तिकारी सचिव | |

● संस्मरण

# महान् अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलन– रुस यात्रा

अशोक सुवेदी

साँझको समय । उसै त मस्कोको कठिङ्ग्र्याउने चिसो, त्यसमाथि हल्का हिउँको वर्षाले वातावरण रोमाञ्चित बनिरहेको थियो । हामी यतिबेला सुस्तसुस्त गोर्की हिलको एकान्तस्थलमा पुगिसकेका छौँ । हामीसँग नेपाल कम्युनिस्ट पार्टीका नता, कार्यकर्ता, नेपाल–रुस लेखक/पत्रकार मञ्च तथा नेपाल–कोरिया लेखक/पत्रकार मञ्चका पदाधिकारी, सल्लाहकार र स्वतन्त्रसहित १५ जना प्रतिनिधिका साथै ब्राजिल, कोरिया, बेल्जियम, नेदरल्यान्डलगायत मुलुकका कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ताहरुसमेत झन्डै ४० जनाको समूह छ र हामीलाई दह्रो नेतृत्व दिइरहेका छन् कमरेड दिमित्री कोस्चेन्कोले । साथमा छन् मुदुभाषी अलेक्स र सुशील किशोरी लारिसा पनि जो पछि नेपाल–रुस लेखक/पत्रकार मञ्चको सदस्य र सचिवमा समेत खुसीसाथ छानिए ।

भ्लादिमिर इल्यिच लेनिन सन् १८७० अप्रिल १० तारिखको दिन तत्कालीन सिमबिर्स्क (हाल उल्यानोभ्स्क) मा सामान्य तर शिक्षित परिवारमा जन्मिनुभएको थियो । स्कुले–जागिरे बाबुआमाका सन्तान लेनिनका दाजु अलेक्जान्डर क्रान्तिकारी युवाहरुको सङ्गठनमा लागेर जार शासकको हत्या गरेको अभियोगमा मारिनुभएको थियो । क्रान्तिकारी गतिविधिमा लागेको अभियोग लगाएर साइबेरिया निर्वासित गरिएकै समयमा पार्टी कार्यकर्ता नादेज्दा कोन्सतान्तिनोभा क्रुप्सकायासँग उहाँको प्रेमविवाह भएको थियो । लेनिन निःसन्तान हुनुहुन्थ्यो तर मार्क्सवादको सफल प्रयोगकर्ता उहाँका करोडौँ वर्गसन्तान र कमरेडहरु जन्मिए ।

मस्कोको भीडभाडभन्दा अलि पर, एकान्तमा, जङ्गलको बीच भागमा छ गोर्की गाउँ (गोर्की हिल) । गोर्की हिल त्यही ऐतिहासिक स्थल हो जहाँ मार्क्सवादका सफल प्रयोगकर्ता महान् नेता र कमान्डर कमरेड भ्लादिमिर इलिच लेनिन (पारिवारिक नाम भ्लादिमिर इलिच उल्यानोभ) ले महान् अक्टोबर क्रान्तिपछिका करिब ६ वर्ष उपचार, गहन अध्ययन, मनन र समाजवादी सोभियत रुसको सुन्दर भविष्यको खाका कोर्दै बिताउनुभएको थियो ।

महान् अक्टोबर क्रान्तिको सफलतापछि आत्तिएका षड्यन्त्रकारीहरुले एउटी भाडाकी आतङ्ककारी महिलालाई प्रयोग गर्दै लेनिनमाथि गोली प्रहार गर्ने अमानवीय, निन्दित र कायरतापूर्ण कार्य गराएका थिए र लेनिन उपचारका साथै भावी रुसको निर्माण र विकासको खाका कोर्दै गोर्की हिलमा घाइते जीवन बिताइरहनुभएको थियो ।

हामीले यसअघि नै क्रेमलिनस्थित रेड स्क्वायर पुगेर महान् लेनिनको अहिल्यै जुरुक्क उठेर संसारभरका श्रमिक, उत्पीडितहरुलाई सम्बोधन गरिहाल्नुहोलाजस्तो भव्य शव अवलोकन गरिसकेका थियौँ । कठ्याङ्ग्रिँदो जाडोमा हिउँको वर्षा पन्छाउँदै लेनिनको शव हेर्न पसेका हामी लेनिनको पार्थिव शरीरलाई सलाम गरेर बाहिरिँदासम्म शरीर तातेर हिउँ र हुस्सुको चिसो फरार भइसकेको थियो । मनमा एकतमासको रातो र तातो ऊर्जा प्राप्त भएको अनुभूति भइरहेको थियो । लेनिनको पार्थिव शरीरको अवलोकन गर्दा महान् अक्टोबर क्रान्तिको सफलताका क्रममा पुरानो पेत्रोग्राद अर्थात् सेन्टपिटर्सबर्गमा दुस्मनलाई धुलो चटाएर एउटा पुरानो सैनिक गाडीमा विजयपताका फहराउँदै झन्डै ६ हजार किलोमिटर यात्रा गर्दै क्रेमलिन आइपुगेर रेड स्क्वायरमा लाखौँ मजदुरहरुलाई सम्बोधन गर्दै गरेका लेनिनको स्मरण भइरहेको थियो । आज हामी उनै महान् लेनिनले जीवनका अन्तिम क्षणहरु बिताएको घरमा पुगेका थियौँ ।

## त्यसपछि घुमेन घडीको सुई



> कठ्याङ्ग्रिँदो जाडोमा हिउँको वर्षा पन्छाउँदै लेनिनको शव हेर्न पसेका हामी लेनिनको पार्थिव शरीरलाई सलाम गरेर बाहिरिँदासम्म शरीर तातेर हिउँ र हुस्सुको चिसो फरार भइसकेको थियो । मनमा एकतमासको रातो र तातो ऊर्जा प्राप्त भएको अनुभूति भइरहेको थियो ।

रुसी भाषामा लेनिनगृहको सविस्तार वर्णन गर्दै गरेकी दोभासेको रुसी भाषाको सन्देश युवा..........लट्टे पड्किएको शैलीमा अङ्ग्रेजीमा भर्र प्रवाह गरिरहेका थिए । उनको धाराप्रवाह शैलीले मलाई मात्र होइन, सबै यात्रीलाई त्यस्तै प्रभाव पारिरहेको थियो भन्ने बुझन कुनै कठिनाइ थिएन । हामी लेनिन बसेको घर, बोल्सेबिक पार्टीको बैठक कक्ष, आगन्तुक कक्ष, लेनिनले प्रयोग गर्नुभएका कुर्सी, टेबुल, पोसाक, पुस्तकालय, ड्रेसिङकक्ष, ऐना, स्नानकक्ष, बन्दुक, कलम, पत्रपत्रिका अवलोकन गर्दै यो चोटाबाट ऊ कोठा हुँदै बिरालोको चालमा अघि बढिरहेका छौँ । सबै श्रोता स्तब्ध र मौनमौन छन्, एउटा सियो खसे पनि आवाज सुनिएलाजस्तो छ वातावरण ।

महान् लेनिनको बैठक कक्षमा पुगेपछि हामीले प्रस्टै देख्यौँ लेनिनले प्रयोग गर्नुभएको टेबुल घडी र टेबुल क्यालेन्डर । दोभासे युवक रुसी महिलाको प्रवचन अनुवाद गरिरहेकै छन् आफ्नै गतिमा । यत्तिकैमा उनले भने, 'जब लेनिनले सन् १९२४ को जनवरी २१ को सन्ध्या समयमा अन्तिम श्वास फेर्नुभयो नादेज्दा कोन्सतान्तिनोभा क्रुप्सकायाले यो टेबुल घडी बन्द गरिदिनुभयो । त्यसपछि यो घडीको सुई कहिल्यै घुमेन....।'

उनले यत्ति भनिसकेपछि वातावरण झनै स्तब्ध र चकमन्न भयो । मानिसहरु सुँकसुँकाइरहेका देखिए । मैले पनि आफूलाई सामान्य अवस्थामा राख्न सकिनँ । टेबुल घडी नजिकै थियो टेबुल क्यालेन्डर । लेनिन हरेक दिन बिहाने यो क्यालेन्डर पल्टाउने गर्नुहुन्थ्यो । क्यालेन्डरमा जनवरीको २१ तारिख पल्टिएको थियो । लेनिनको श्वासप्रश्वासको गति रोकिएपछि फेरि कहिल्यै यो क्यालेन्डरको पाना पल्टिएन । यहाँ पनि हामीले एक छिन मुटुको धड्कन रोक्यौँ । वास्तवमै फेरि समय ठप्प भयो ।

त्यसपछि हामी आइपुग्यौँ लेनिनले अन्तिम श्वास लिएको उहाँको बिस्तरामा । सफा, सेतो बिस्तरा लेनिनको सफा जीवनजस्तै लमतन्न थियो । छेवैमा थियो आराम गरिरहेका लेनिनजस्तै लाग्ने सेतो अर्धकदको सालिक । यो सालिक उभिएको थिएन, श्वासप्रश्वास रोकिएपछिका लेनिनजस्तै ढल्किएको थियो । मलाई एकपटक लेनिनको बिस्तरा छुन मन लाग्यो तर सुरक्षाकर्मीले प्रतिबन्ध घोषणा गरिसकेका थिए । लेनिन बस्ने गरेको बेतको कुर्सी, सोफा, ह्विलचियर, बिस्तरा, दराज, पुस्तकालय सबै उस्तैउस्तै थिए, त्यहाँ थिएन त केवल महान् लेनिनको भौतिक उपस्थिति । लेनिनले हातमुख धुने गरेको धारामा गएर मैले लेनिनले गरेजस्तै कल्पना गरेर हात धोएको अभिनय गरेँ र त्यसैगरी कुर्सीमा बसेको जस्तो अभिनय पनि गरेँ । हामी लेनिनको पाइतालाले कुल्चिएको भुइँ कुल्चिएर हिँडिरहेका थियौँ । लेनिनले श्वासप्रश्वास लिएको वातावरणमा म यताउता टहलिरहेको थिएँ । जीवनको एउटा उत्कर्ष अनुभूति ग्रहण गरिरहेको थिएँ म । क्रुप्सकायाको शयन, भेटघाट, शृङ्गार र बैठक कक्ष, लेनिनकी बहिनी ..........को शयन र शृङ्गारकक्ष सबै अवलोकन गरिसकेपछि मैले लेनिनको एउटा वर्गसन्तानका रुपमा अनुभूति गरेँ । लेनिनका सन्तान नभए पनि संसारभरका मार्क्सवादी–लेनिनवादीहरु, महान् लेनिनका योगदानहरुलाई लेनिनवादमा विकास गर्ने र त्यसलाई साँच्चै सोभियत रुसको भूमिमा लागू गरेर दखाउने महान् स्टालिनका असली अनुयायीका रुपमा मैले आफूलाई अनुभूत गरेँ ।

हामी महान् लेनिनले अक्टोबर क्रान्तिको माध्यमबाट रुसलाई आततायी जारको शासनबाट मुक्त गराउनुभएको ऐतिहासिक दिन अक्टोबर क्रान्तिको शतवार्षिकी अन्तर्राष्ट्रिय महासम्मेलनमा भाग लिन पुगेका थियौँ रुसमा । यात्रा भर्खर सुरु भएको थियो । हामी लेनिनग्राद र स्टालिनग्राद पुग्न र महासम्मेलनमा भाग लिन बाँकी नै थियो । गद्दार ख्रुस्चेव र उसका प्रतिगामी पिछलग्गुहरुले महान् लेनिन र महान् रुसी जनताले करोडौँको सङ्ख्यामा बलिदान गरेर निर्माण गरेको सोभियत सत्ता र समाजवाद ध्वस्त पारे पनि, नाजीवाद, हिटलर र विश्वयुद्धलाई ध्वस्त पारेर सोभियत रुसलाई शक्तिशाली बनाउने महान् स्टालिनको शव र सालिक क्रेनले ढालेर घिसारे पनि मस्कोका गल्ली, चोक र भित्ताभित्तामा, भूमिगत रेल स्टेसनदेखि नदीकिनारका पर्खालहरुसम्म हँसियाहथौडा अङ्कित कम्युनिस्ट अन्तर्राष्ट्रिय झन्डा फहराइरहेका थिए । संसारभरका क्रान्तिकारीहरुको हृदयको ढुकढुकी बनिसकेका लेनिनवाद र स्टालिनका आयामहरु रुसी भूमिको सीमा नाघेर संसारभरका श्रमिक जनको स्पन्दन बनिसकेका थिए । भोल्गा नदीको किनारबाट उदाएका महान् लेनिन र जर्जियाको दलित परिवारबाट उदाएका स्टालिनका योगदानहरुको स्मरण गर्दै हामी चुपचापको गतिमा छिप्पिँदो साँझमा सुस्तरी बाहिरी सडकमा निस्कियौँ । मैले घरबाहिर निस्किएपछि पनि एकपटक लेनिन र स्टालिनको सम्मानमा मुठी उठाएर लालसलाम गरेँ । सहयात्रीहरु एकतमासले लेनिनगृहतिरै आँखा बिछ्याइरहनुभएको थियो ।

# दलाल राज्यव्यवस्थाको चङ्गुलविरुद्ध क्रान्ति

नेपालमा क्रान्तिका धेरै अवशेष पैदा भए । जुन रुपमा अवशेषहरू पैदा भए हरेक अवशेषको आआफ्ना लाइन भए । नाम एउटै रह्यो, सिद्धान्त र मौखिक भाषण एउटै रहे तर वास्तविकतामा कार्यान्वयन र जनताले क्रान्तिको स्वाद लिन भने पाएनन् । हजारौँको योगदान, बलिदानसँगै समाजवाद र साम्यवादका सपना देख्नेहरू बिरामी परेका छन् । उनीहरू आफ्नो मृत्युशय्यामा छट्पटाइरहेका छन् । नेपालमा खराब राजनीतिक घटनाक्रम र त्यसले जनतामा पारेको असरका साथै क्रान्तिका खराब नेतृत्वहरूका कारण अहिले देश नै बिरामी परेको अवस्था छ । देशका धेरै क्षेत्रमा दलाल र भ्रष्टहरूको चलखेल तीव्र रूपमा बढेको छ । यसका कारण देशको राष्ट्रियता र जनजीविका दिनानुदिन धरापमा पर्दै गएको छ भने देशमा दलाल पुँजीको तीव्र हस्तक्षेप बढिरहेकाले राष्ट्रिय पुँजीको अवस्था गम्भीर बन्दै गइरहेको छ । उदाहरणका लागि हामी देख्न सक्छौँ बैंकिङ प्रणालीले गाउँटोलका किसान र मजदुरमाथि गरिएको उद्दण्डता र लूट । यो लज्जास्पद छ । जुन रूपले विश्वमा विज्ञान तथा प्रविधिको विकास भएको छ त्यही रूपमा दलाल पुँजीले पनि फरकफरक ढङ्गले जनतामा लुट मच्चाइरहेको छ । जनतालाई गुमराहमा पारिरहेको छ । यसको मुख्य कारण हो संसदीय व्यवस्था र यसले थुपारेको गलत सिस्टम ।

दलाल सत्ताका कारण भोग्नुपरेको समस्या र वर्गसङ्घर्षमा परेको गतिरोधलाई चिर्दै नेपालमा क्रान्तिका अनिवार्यतालाई पूरा गर्ने एउटा असल नेतृत्व, असल पार्टीको आवश्यकता । हुँदाहुँदै घाँटीसम्म आएको प्रतिक्रान्तिलाई चिर्ने क्रान्तिकारी जत्थाको आवश्यकता महान् जनयुद्धको नेतृत्व गरेको दल र त्यसको नेतृत्वले शान्तिप्रक्रिया हुँदै सत्तालुप हुन पुग्यो र निराशा पैदा भयो जुन रूपले गलत व्यवस्थासँग साँठगाँठ गर्दै नेपाली क्रान्तिलाई रछ्यानमा फाल्ने काम गरे त्यसले जनतामा निराशा जगाउन थाल्यो । फलस्वरूप पार्टी नै टुक्राटुक्रा हुन पुगे । यसैकारण विदेशी हस्तक्षेपका साथै प्रतिक्रियावादी शक्तिहरूको बलियो पकड हुँदै क्रान्तिलाई निमिट्यान्न पार्न सफल हुन थाले । तर जनताको चाहना र उनीहरूको सपनालाई जुनसुकै शक्तिले पनि हराउन नसक्ने निचोड देखियो जुन निचोड नेपाल कम्युनिस्ट पार्टीले गऱ्यो जसले एक असल नेतृत्व पायो र पुनः जनतामा बाँकी क्रान्ति अर्थात् प्रचण्ड–



रमाकान्त बास्तोला

बाबुरामले गल्लीमा फालेको र दलाल सत्तालाई बुझाएको क्रान्तिको रथ कुदाउन प्रयास गऱ्यो ।

नेपालमा हालसालै संसदीय व्यवस्थाले स्थानीय चुनाव गरायो । यसको अनुभूति नेपाली जनताले राम्रोसँग गर्न पाए । जसमा चुनावी माहोल पैसा र पहुँचमा भए, विदेशी दलाल तत्वहरूले पार्टी र नेतालाई खर्बौं रकम दिएर भए पनि जनताको मत पैसासँग साटियो । यति हुँदाहुँदै स्थानीय तहमा करिब ८०.५ निर्वाचित प्रतिनिधि दलाल ठेकेदारहरू हुन पुगे । संसदवादीहरूले भन्ने गरेका गाउँगाउँमा सिंहदरबार नभई गाउँगाउँमा दलाल भनेजस्तै भयो जुन दलाल सत्ताले निम्त्याएका कटु यथार्थ हुन् । महान् जनयुद्धको नेतृत्वकर्ता अर्थात् महान् कम्युनिस्ट भनेर चिनिने नेतृत्वहरूको एकाएक भएको आत्मसमर्पणपछि यस्ता घटनाहरू क्रमिक वृद्धि हुँदै गए ।

यथार्थमा कम्युनिस्टका लागि मुख्य सवाल विद्यमान संसार बदल्न क्रान्ति गर्ने, विद्यमान चीजहरूमाथि व्यावहारिक रूपमा हमला गर्ने र त्यसलाई फेर्ने सवाल रहन्छ जुन कुरा मार्क्स र एङ्गेल्सले जर्मन विचारधारामा भनेका थिए । नेपालमा पनि क्रान्तिको रटान गरेर नथाक्ने तर पूर्ण क्रान्तिद्वारा पछाडि हट्दै दलाल सत्तामा चुर्लुम्म डुबेका प्रचण्ड र उनको पार्टीका साथै अन्य यस्ता पार्टीहरू जो व्यावहारिक र कार्यान्वयनमा छैनन् । उनीहरूको वास्तविक सत्य जनतासामु अर्थात् सच्चा क्रान्तिकारीहरूसामु छर्लङ्ग पारिदिनु पर्दछ । कुनै बेला कम्युनिस्ट हुँ भन्ने एमाले जुन रूपमा अधिभूतवादतर्फ गयो त्यही रूपमा जनयुद्धका नेतृत्वगण पनि आफ्ना केही झुन्ड समाएर त्यतैतर्फ लागे । अहिले भने गरेको एमाले संगको तालमेल र पार्टीएकताको हौवा यसैका कारक हुन् । चुनावी स्वार्थका लागि तयार पारिएको यस्तो तालमेल जनताले अस्वीकार गर्नेछन् । यो धेरै टिकिरहन सक्दैन ।

नेपाली क्रान्तिमा नयाँ लाइनहरू आए जुन लाइन नेपालको परिवेशअनुरूप देखा पर्न थाल्यो, यसमा जनता पनि सम्मिलित र सङ्गठित हुँदै गए । जबसम्म समाजमा दमन रहन्छ, जबसम्म धनी–गरिबबीच, जात–जातबीच, धर्म–धर्मबीच साथै किसान, मजदुर, उत्पीडित वर्गबीच भिन्नता रहिरहन्छ तब त्यहाँ क्रान्ति अनिवार्य हुन्छ र त्यसको नेतृत्व पनि पैदा हुँदै जान्छन् भनेजस्तै एकीकृत क्रान्तिको संश्लेषण गर्दै नेपालमा पनि क्रान्तिका नेतृत्वकर्ताहरू देखापर्दै गएका छन् । कम्युनिस्ट घोषणापत्रमा भनिएजस्तै वर्गसङ्घर्षको अर्थ एउटा वर्ग अर्को वर्गका विरुद्ध लड्नका लागि मैदानमा उत्रनु र त्यही सङ्घर्ष त्यो परिवर्तनको मुख्य साधन हो जसबाट समाजमा परिवर्तन ल्याउन सकिन्छ । सङ्घर्ष संसारमा छैन वा त्यो धेरै नराम्रो हो भनी आँखा चिम्लेर काम चल्दैन साथै यसले क्रान्तिलाई टेवा पुग्दैन । जबसम्म बेग्लाबेग्लै विरोधी वर्ग रहेका हुन्छन् तबसम्म उत्पीडित वर्गहरूलाई सङ्घर्षदेखि अलग रहन सल्लाह दिनु बाख्रालाई ब्वाँसोको मुखमा फ्याँक्नु हो ।

यस्तै हाम्रो देशमा पनि केही कम्युनिस्टधारीहरू नेपालमा वर्ग छैनन्, क्रान्ति पूरा भयो भनी ती वर्गहरूलाई भड्काउने काम

... बाँकी ७ पृष्ठमा

## कविता

### महोदय !



■ प्रतिक चन्द

महोदय,
यहाँ रमझम तिमीलाई
लागेको छ महोदय
मलाई होइन
यहाँ खुसियाली तिम्रो
घरमा छाएको छ महोदय
मेरो होइन
यहा लोकतन्त्र तिमीलाई
आएको छ महोदय
मलाई होइन
यहा स्वतन्त्रता तिमीले
पाएका छौ महोदय
मैले होइन !!

तिमी हतियारधारी
सेना प्रहरीको हुल बोकी
मेरो गाउँमा छिर्छौ र
शान्ति ल्याउने भन्दै
भाषण ठोक्छौ
अनि भन्छौ,
हामी दमन गर्दैनौँ
म तिम्रो रबैयाको बिरुद्ध
आवाज मात्र उठाउँछु
तिमी मलाई घेऱ्याउँदै
जेलभित्र कोच्छौ,
यहाँ शान्ति तिमीलाई
आएको छ महोदय
मलाई होइन !!

तिमी चुनाब आयो भन्दै
आस्वासनका भकारी बोकी
मेरो गाउँ छिर्छौ
अनि भन्छौ,
यहाँको बाटोलाई
अफ्रिकन सुन्दरीको
गालाजस्तो बनाइदिन्छु
म अघिल्लो पटक
तिमीले बाँडेका
सपनाहरु कहाँ गए ?
चाउरिएका मेरी आमाको
मुहारभित्र खोज्छु,
यहाँ चुनाब तिमीलाई
आएको छ महोदय
मलाई होइन !!

तिमी हजारौँ
सहिदका सपना
लाखौँ जनताका
आस्था जलाएर
ह्विस्कीको चुस्की
लाउँदै दरबार छिर्छौ
अनि भन्छौ,
समाजवादको
मार्ग कोर्दैछु
म मेरो दाइको रगतले
रङ्गिएको झन्डा समाई
बेपत्ता भएका बाबा
आउने बाटो कुर्दैछु,
यहाँ क्रान्ति तिम्रो पूरा
भएको छ महोदय
मेरो होइन

## निशानामा ...

भाँड्ने र जनताको बलिदानलाई अपमानित गर्ने तर त्यसकै जगमा उभिएर स्वार्थसिद्ध गर्ने आपराधिक मनोवृत्तिको नेताका रूपमा पौडेललाई नेकपाका नेताहरूले बुझ्ने गरेका छन् ।

नेकपाको निशानामा परेका अर्का नेता हुन्- काङ्ग्रेसका राहशरण महत । नेपालको अर्थतन्त्रलाई परनिर्भर बनाउने, आर्थिक रूपले टाट पल्टाउने, कथित उदार अर्थनीतिका पश्चिमी देशका दलाल हुन् रामशरण महत । २०४६ सालपछि अधिकांश समय अर्थमन्त्री भएका महतकै नेतृत्वमा चीन, सोभियत सङ्घ, जापानलगायत मित्र देशहरूले आर्थिक, प्राविधिक अनुदानमा निर्माण गरिदिएका बर्दिया कपास खेती, बुटवल धागो कारखाना, हेटौँडा कपडा उद्योग, वीरगन्ज कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, बाँसबारी छालाजुत्ता कारखानालगायत उद्योगहरू कौडीको मोलमा बेचेर अथवा निजीकरण गरेर कमिसन खाएका थिए । स्मरणीय छ, महतले आफ्ना भतिज तथा स्वकीय सचिव रमेशकुमार महतमार्फत भूकम्पपीडितका लागि आएको जस्तापातासमेत बेचेर खाएका थिए ।

नेकपाको निशानामा परेका अर्का नेता हुन् माकेका अनन्त भनिने वर्षमान पुन । उनले जनमुक्ति सेनाको गाँस काटेर, नाम बेचेर, सरकारलाई ठगेर गैससको चाकरी गरेर, बोल्नब खोज्ने जवानलाई रातीराती कोर्रा लगाएर करोडौँ रकम भ्रष्टाचार गरेका छन् । उनलाई माकेभित्र 'रअ' को दलालका रूपमा पनि हेरिन्छ । 'पार्टीका अपराधी र भ्रष्ट प्रवृत्तिजति सबै अनन्तमा केन्द्रित भएका छन् । अनन्त गुटले प्रचण्डलाई घिसारेर देउवासँग गठबन्धन गराउँछ । एमाले-माके एकता सम्भव छैन', माओवादी केन्द्रका एकजना पोलिटब्युरो सदस्य आक्रोश पोख्छन् । जनमुक्ति सेनालाई अपमानपूर्वक विघटन गराउने एकजना बिचौलिया पनि हुन् पुन । रोल्पामा पछिल्लो समय पुनकै दबाबमा नेकपा नेताहरूलाई पक्राउ गरिएको आरोप नेकपाले लगाएको छ ।

## क्रान्ति र प्रतिक्रान्ति ...

जनताको हुर्मत लिनेछन् । त्यसैले नेकपाले चुनाव र संसदीय व्यवस्थाका विरुद्ध समाजवादी व्यवस्थाको नारा अगाडि सारेको बताएको छ । तर जनतालाई सरकारी भाषण र भ्रमण मात्र बाँड्ने, सत्य कुरा सुन्न र छनोट गर्ने अवसर नदिने उद्देश्यले नेकपाका शान्तिपूर्ण कार्यक्रममाथि थुनछेक, पक्राउ गर्ने गरेपछि नेकपाले उसकै भाषामा दलाल नेताहरूमाथि पनि अवरोध गरेको छ । अवरोधको शैली कतिपय स्थानमा हिंसात्मक र अप्रिय देखिएका छन् । सरकार र दलहरूले आलोचना र विरोधको स्वरलाई सम्बोधन गर्नुभन्दा दमनको भाषा बोल्न थालेका छन् । संसारभरि आतङ्कवाद निर्यात गर्दै अमेरिका र त्यसको राष्ट्रपति गुण्डा नाइके डोनाल्ड ट्रम्प प्रशासन अग्रपङ्क्तिमा देखिएका छन् । दलाल संसदीय व्यवस्थाका देशभित्र र बाहिरका मालिकहरूको छटपटी हेर्दा उनीहरू कति धेरै कमजोर छन् भन्ने पुष्टि हुन्छ ।

नेपालमा आज एकातिर चुनावको रमझम चलिरहेको छ । उम्मेदवारहरू बन्दुकको घेराभित्र बसेर लोकतन्त्रको गफ गरिरहेका छन् । अर्कोतिर बारुदको धुवाँ र कोलाज छरिएको छ । सरकारले आस्थाका आधारमा सयौँलाई पक्रेर झूट्टा मुद्दामा फसाएको छ । पूर्वजनमुक्ति सेनाका जवान, सहिद परिवार र घाइतेमाथि निगरानी बढाएको र अपमानित गरिएको छ । एकातिर घरमा बसिरहेको नागरिकलाई प्रहरीले घिसार्दै लगेको छ । अर्कोतिर चुनाव प्रचार गर्दागर्दै जनआक्रोशको निशानामा पर्नुपरेको छ । प्रहरी कारबाही र नेकपाको प्रतिरोध, गिरफ्तारी हेर्दा देशमा चुनाव होइन, गृहयुद्धमा छ । देश भयानक ध्रुवीकरणतिर गएको छ । यो घम्साघम्सीले जनयुद्धको विरासत प्रचण्डबाट लगभग खोसिएको छ । क्रान्तिकारी आन्दोलनका लागि यो सकारात्मक पक्ष हो । सबै सरोकारवालाहरूले समयमै पहलकदमी नलिने हो भने देशको स्थिति नियन्त्रणबाहिर जानसक्छ । त्यसबेला धेरै ढिलो भइसकेको हुनेछ ।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
बस, सुमो तथा हाइस



सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

## नेकपाका सयौं ...

पक्राउ परेका हुन् ।

दाङमा राम्रोसँग हिँडडुल गर्न नसक्ने, अर्काको सहारामा खाना खाने र शौचालय जाने घाइतेलाई पनि प्रहरीले पक्राउ गरेको छ । नेकपाका जिल्ला सदस्य पाटनलाई घरमा बसिरहेको बेला शुक्रबार प्रहरीले पक्राउ गरेको हो । पाटनसँगै बसिरहेका डीबी बोहरालाई पनि प्रहरीले पक्राउ गरेको छ । त्यसैगरी पद्मोदय पब्लिक उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र घर्तीलाई पनि घरबाटै पक्राउ गरिएको छ ।

शुक्रबार सिन्धुली, खुर्कोटबाट नेकपाका जिल्लास्तरीय नेता केदार माझीलाई पक्राउ गरेको छ । त्यसैगरी महोत्तरी बर्दिबास हाथीलेटका नेकपाका स्थानीय नेता प्रेम रानामगरको घरमा प्रहरीले छापामारेको छ । त्यसैगरी मकवानपुरको हेटौँडाबाट प्राप्त अर्को खबरअनुसार राङसीराङ गापाबाट सूर्य अयाललाई पक्राउ गरेको छ ।

यस्तै बुधबार कैलालीबाट नेकपाका जिल्ला इन्चार्ज रामबहादुर चौधरीसहित ४ जनालाई पक्राउ गरिएको छ । अन्य पक्राउ पर्नेहरूमा प्रकाश मल्ल, तपेन्द्र रसाइली र मीनराज गिरी छन् ।

उता मोरङमा पनि बिहीबार अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष फनिन्द्र राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ । राजवंशीलाई भित्तेलेखन गर्ने क्रममा पक्राउ गरिएको हो ।

तनहुँमा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा तनहुँ जिल्ला अध्यक्ष डम्बरबहादुर विश्वकर्मालाई पक्राउ गरिएको छ । विकलाई आफ्नै पसलमा बसिरहेको बेला पक्राउ गरिएको हो ।

दाङमा बबई गाउँ समिति सेक्रेटरी निमबहादुर डाँगीलाई मध्यरातमा घर घेरा हाली पक्राउ गरिएको छ । नेकपा दाङका सचिव सविनले प्रेसविज्ञप्ति जारी गर्दै मध्यरातमा फासिवादी शैलीमा आफ्ना कार्यकर्तालाई पक्राउ गर्नु निन्दनीय कार्य हो भनेका छन् । उनले पक्राउ गरिएका आफ्ना सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहाइको माग पनि गरेका छन् ।

आइतबार स्याङ्जाको पुतलीबजारबाट ७४ वर्षीय वृद्धलाई पक्राउ गरिएको छ । नेकपाका कार्यकर्ता रहेका थानेश्वर केसीलाई पक्राउ गरिएको हो । केसी आफ्नै घरमा बसिरहेको बेला सादा पोसाकमा आएका प्रहरीले पक्राउ गरेका हुन् । उता तनहुँबाट अखिल क्रान्तिकारीका कार्यकर्ता नरेश विकलाई पनि पक्राउ गरिएको छ ।

## अमेरिकी चासोमा ...

इरानमा नाकाबन्दी किन गर्छ ? टर्कीमा सैन्य कू गर्ने षड्यन्त्र किन गर्नुपर्‍यो ? तसर्थ अमेरिकी चिन्ता लोकतन्त्रका लागि नभएर फासिवादी, जनविरोधी पुँजीवादी व्यवस्थाका लागि भएको देखिन्छ ।

## उम्मेदवारमाथि ...

हो । नेता महत सकुशल रहे पनि उनीभन्दा पछाडिको गाडी विस्फोटबाट पूर्ण रूपमा ध्वस्त थियो । बम विस्फोटमा परी काङ्ग्रेस कार्यकर्ता घाइते भए ।

काङ्ग्रेस नेता रामचन्द्र पौडेललाई लक्षित गरी तनहुँको भानु नगरपालिकामा अर्को बम विस्फोट भएको छ । शनिबार दिउँसो ३ बजे भएको बम विस्फोटमा परी पौडेल सवार गाडी क्षतिग्रस्त भएको छ । साथै पौडेलका अंगरक्षक एक प्रहरी पनि घाइते भएका छन् । नेता पौडेल गोरखामा आयोजित काङ्ग्रेस र नयाँ शक्तिको संयुक्त चुनावी सभालाई सम्बोधन गरी लमजुङको आमसभामा जाँदै गर्दा उक्त घटना भएको थियो । घटनापछि पौडेलले आफू भाग्यले बाँचेको प्रतिक्रिया दिएका छन् । साथै उनले काङ्ग्रेसको जनलहरबाट अत्तालिएकाहरूले यस्तो घटना गराएको हुनसक्ने आशङ्का गरेका छन् ।

रोल्पा सदरमुकाम लिबाङमा आयोजित चुनावी सभालाई सम्बोधन गर्न गइरहेका नेताहरूलाई लक्षित गरी शुक्रबार बम आक्रमण भएको छ । माओवादी केन्द्रका नेता कृष्णबहादुर महरा, वर्षमान पुन, ओनसरी घर्तीलगायत अन्य उम्मेदवारहरू बम आक्रमणमा परेका हुन् । रोल्पा नगरपालिकाको भदौरे मन्दिर र सातदोबाटोको बीच जङ्गलमा उनीहरूमाथि बम आक्रमण भएको हो ।

गोरखामा चुनाव प्रचारमा रहेका माओवादी केन्द्रका नेता एवम् वाम गठबन्धनका साझा उम्मेदवार नारायणकाजी श्रेष्ठलाई लक्षित गरी बम आक्रमण भएको छ । गोरखा २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेद्वार श्रेष्ठ चुनावी अभियानमा गोरखा नगरपालिका १० को सिदीखोला पुगेको बेला उक्त विस्फोट भएको हो । बिहीबारको विस्फोटबाट कुनै मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । यस्तै रोल्पामा काङ्ग्रेस उम्मेद्वार अमरसिह पुनलाई लक्षित गरी बम प्रहार भएको छ । उता बागलुङमा वाम गठबन्धनको चुनावी सभानजिकै बम विस्फोट गराइएको छ । जिल्लाको गल्कोटमा भएको विस्फोटको आवाज निकै ठूलो सुनिएको स्थानीयले बताएका छन् ।

रौतहटको चन्द्रपुरमा शनिबार भएको विस्फोटमा परी ९ जना घाइते भएका छन् । वाम गठबन्धनले गरेको चुनावी सभामा एमालेका नेता रामकुमार राई, कल्याणी खड्का, माओवादी केन्द्रका नेता एकराज थापा, समीर भट्टराईलगायत सहभागी भएका थिए । सभा सकिएलगत्तै भएको विस्फोटमा परी घाइते हुनेहरूमध्ये ४ जनाको अवस्था गम्भीर भएको प्रहरीले जनाएको छ ।

बारामा काङ्ग्रेस उम्मेदवार ओमकृष्ण कार्कीको चुनाव प्रचार सवारीमा बम आक्रमण भएको छ । बम विस्फोट हुँदा गाडी र गाडीमा राखिएको प्रचार सामग्रीमा क्षति पुगेको छ । कार्की बारा क्षेत्र नं ४ का उम्मेदवार हुन् ।

यस्तै शनिबार भोजपुरमा भएको बम विस्फोटमा परी २ प्रहरी र एक एमाले कार्यकर्ता घाइते भएका छन् । दिङ्लामा आयोजना गरिएको चुनावी सभालाई लक्षित गरी गराइएको उक्त विस्फोटमा परी एमाले युवा सङ्घका विक्रम राई गम्भीर घाइते भएका हुन् । राईसँगै बमको छर्रा लाग्दा एक इन्स्पेक्टर र एक असई घाइते भएका छन् ।

देशव्यापी रूपमा उम्मेदवार र नेता लक्षितजस्ता देखिने आक्रमणका घटना तीव्र हुँदै गएपछि निर्वाचन आयोगले सुरक्षा व्यवस्थाको विषयमा चिन्ता व्यक्त गरेको छ । आयोगले शुक्रबार विज्ञप्ति जारी गर्दै निर्वाचन नजिकिँदै गरेको समयमा देशव्यापी रूपमा भएका आक्रमणले गर्दा सुरक्षा चुनौती थपिएको बताएको छ । आयोगले मतदानप्रक्रिया प्रभावित हुन सक्ने भन्दै सुरक्षा व्यवस्था फितलो भएकाले थप व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ ।

यसैबीच सल्यानमा वाम गठबन्धनको निर्वाचन प्रचार सामग्री खोसेर जलाइएको छ । बागचौर नगरपालिका ३ खालीमा निर्वाचन प्रचारमा रहेका एमाले र माओवादी केन्द्रका कार्यकर्ताहरूबाट निर्वाचन सामग्री खोसेर नेकपा समर्थकले जलाइदिएका हुन् ।

यस्तै दाङको तुल्सीपुरमा बुधबार निर्वाचन सामग्री जफत गरेर जलाइएको छ । तुल्सीपुर ५ पीपलबोट नजिक बसपार्कमा रहेका स्थानीयले निर्वाचन सामग्री खोसेर जलाइदिएका हुन् ।

यस्तै मङ्गलबार दाङको गढवा खैरामा पनि स्थानीयले निर्वाचन सामग्री जलाएको खबर छ । स्थानीयले निर्वाचन सामग्री बोकेर गाउँ पसेका स्वयम्सेविकाहरूबाट उक्त सामान कब्जा गरेर जलाएका हुन् ।

सोही दिन रोल्पाको सुनछहरी गाउँपालिका १ घुसबाङमा पनि स्थानीयले निर्वाचन सामग्री खोसेर जलाइदिएका छन् । बुधबार बिहान निर्वाचन आयोग रोल्पाले खटाएको समूहसँग निर्वाचन सामग्री खोसेर जलाइएको जनाइएको छ ।

## चुनाव खारेजी ...

समाजवाद विरुद्ध लैजाने चालबाजी प्रभावकारी हुन्छ । हामीले भने त्यसको उल्टो चुनावलाई चुनावकै रुपमा मात्र नभएर राजनीतिक संघर्षको रुपमा प्रस्तुत गर्दै, जनतालाई प्रशिक्षित गर्दै अधिकार र मुक्तिलाई सुनिश्चित गर्ने दिशामा लैजान सकिन्छ भन्ने सोच्छौं । तेस्रो कुरा, चुनाव सम्पन्न गर्ने र खारेज गर्ने प्रश्न दलाल पुँजीपति वर्ग र श्रमिक जनताको राजनीतिक उद्देश्यसँग जोडिएको प्रश्न हो ।

पुँजीवादी र दलाल पुँजीवादीहरुले चुनावको बहाना र माध्यमबाट नेपालमा दलाल पुँजीवादी व्यवस्थालाई संस्थागत र सुदृढ गर्ने उद्देश्य लिएका छन् भने श्रमजीवी जनतालाई हाम्रो पार्टीले चुनाव खारेजीद्वारा दलाल पुँजीवादी व्यवस्थालाई अस्वीकार गर्ने र नेपाललाई वैज्ञानिक समाजवादतर्फ लैजाने उद्देश्य राखेको छ । संसदवादीहरुको जोड जनतालाई वैज्ञानिक समाजवादबाट विमुख गर्नु रहेको छ भने हाम्रो पार्टीले दलालहरुलाई नङ्ग्याउने र त्यसलाई वैज्ञानिक समाजवादतर्फ अग्रसर गराउनु रहेको छ । मानवजातिको वर्गीय समाजको उदयदेखि पुँजीवादी व्यवस्थासम्मको हजारौँ वर्ष लामो यात्रा गर्दा प्रमाणित भएको सत्य के हो भने पुँजीवादी, दलाल पुँजीवादी राज्यव्यवस्था रहेसम्म जनता अधिकार सम्पन्न, स्वतन्त्र र मुक्त हुन सक्दैनन् । देश साम्राज्यवादको मुट्ठीबाट स्वाधीन हुन सक्दैन । दलाल पुँजीवादी व्यवस्थाभित्र गरिब र पछौटे देशहरु स्वाधीन र समृद्ध हुन सक्दैनन् । जतिसुकै कुतर्क गरेपनि पुँजीवादी व्यवस्थाभित्र समाजमा विभेद, शोषण, दमन र असमानता रहिरहन्छ । मान्छेले मान्छेलाई गर्ने शोषण रहिरहन्छ । त्यसैले समाजलाई समृद्धिमा पुऱ्याउन वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य छ । तसर्थ यो चुनावलाई सबै श्रमिक जनता, श्रमिक वर्ग र उत्पीडित जनसमुदायले सशक्त रुपले खारेज गर्ने सोचेका छन् र सोच्नै पर्दछ । चुनावी नाटकमार्फत् संसदीय व्यवस्था लाद्न खोज्ने तत्वहरुलाई प्रतिरोध र जनकार्वाही गर्नुपर्छ ।

नेपाल र नेपाली जनतालाई नयाँ भविष्यतर्फ अग्रसर गराउने एकमात्र विकल्प वैज्ञानिक समाजवाद हो । त्यसैतर्फ सबै इमान्दार देशभक्त र क्रान्तिकारीहरुले मेहनत गर्नुपर्दछ । हामीलाई थाहा छ कि क्रान्ति असफल पारिएपछि अर्को नयाँ क्रान्तिको प्रक्रिया अघि बढेको छ । क्रान्तिपछि क्रान्तिको असफलताले क्रान्तिको अन्त्य गर्ने होइन कि झन् ठूलो विद्रोह र क्रान्तिलाई जन्म दिन्छ भन्ने यथार्थलाई यसले सावित गरेको छ । जनक्रान्तिलाई जतिसुकै दमन गरेपनि, दलाल तत्वहरुले जतिसुकै फत्तुर लगाए पनि केही लछारपाटो लगाउन सक्ने छैनन् । उनीहरु जतिसुकै कुर्ले पनि क्रान्तिको प्रवाह रोकिने छैन । क्रान्तिको धक्काद्वारा उनीहरुको अन्त्य अनिवार्य छ । सारमा संसदीय व्यवस्थाको खारेजी र वैज्ञानिक समाजवाद तर्फको यात्रा यसैमा अभिव्यक्त हुन्छ ।

## दलाल राज्यव्यवस्थाको...

गरिरहेका छन् । यसमा नेपाली जनता, मजदुर, किसान र उत्पीडित वर्गहरूले विचार गर्नुपर्दछ । शासक वर्गहरूले क्रान्ति पूरा भयो र वर्ग छैन भन्नु उनीहरू क्रान्तिदेखि डराउनु पनि हो । यस्ता युगौँदेखि थुपारिएको फोहोरलाई सफा गर्न र समाजलाई नयाँ ढङ्गमा विकास गर्न क्रान्ति अनिवार्य रहन्छ । यसका लागि बल नै किन प्रयोग गर्न नपरोस् ।

अहिले नेपालमा राज्यसत्ता दलाल छ जुन सत्तामा पुँजीपति, नवसामन्ती दलालहरूको बर्चस्वमा चलिरहेको छ । आफ्ना वर्गशत्रुहरूको प्रतिरोधलाई दबाउन शासक वर्गले भरपूर प्रयास गरिरहेको छ । यस्तो अवस्थामा साम्राज्यवाद तथा उत्तरसाम्राज्यवादीहरू कम्युनिस्ट आन्दोलनलाई दबाउन ठूलो चलखेल गरिरहेका छन् । विश्वक्रान्तिमा देखिएको नैराश्य नेपालमा पनि देखापरेको छ । सर्वहारा वर्गको अधिनायकत्व स्थापना गर्न पुँजीवादीहरूलाई क्रान्तिकारी तप्कादेखि जागरूक बनाएर योजना बनाउनु पर्दछ । जसमा कार्यनीतिलाई नेपालको परिस्थितिका साथै विश्वमा देखिएको घटनाक्रमलाई ध्यानमा राखी अल्पकालीन हितका लागि मात्र अधीनस्थ राख्नु हुँदैन । पार्टीभित्र दृढसङ्कल्पसहितको एकता नभएमा क्रान्ति सफल हुँदैन । जुन रूपमा नेपाली भूगोल र समयअनुकूल क्रान्तिको बाटो तय गरी एकीकृत जनक्रान्तिमार्फत दिन खोजिएको छ त्यो समय सान्दर्भिक छ र यसले अबको केही समयमा वैज्ञानिक समाजवादको बाटो पहिल्याउने निश्चित देखिएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनले गरेका निर्णयहरूले नेपाली क्रान्तिमा थप ऊर्जा दिएको छ । कार्यनीतिलाई समयअनुकूल अगाडि बढाइरहेको छ । देशका प्रधान दुस्मन क्रान्तिविरोधीहरू र पुँजीवादीहरूका साथै दलाल भ्रष्टहरू हुन् । त्यसैले यिनीहरूको अस्थिरतालाई निष्फल बनाउन आम राष्ट्रवादी जनता, किसान मजदुरसँग हातेमालो गर्दै नेपालमा क्रान्ति अगाडि बढाउनु जरुरी छ । सर्वहारावर्गको अधिनायकत्वका लागि र वर्गको उन्मूलनका लागि लामो र कठिन वर्गसङ्घर्षको आवश्यकता रहन्छ । अब नेपाली क्रान्तिका लागि नेपाल कम्युनिस्ट पार्टीले त्यसको नेतृत्व गर्दै पुराना रूढि र जडहरूलाई पन्छाउनेछ । नेकपाले नै शासकहरूले फेरेका विभिन्न मुकुटहरूलाई ध्वस्त पार्दै नेपालमा क्रान्ति पूरा गर्नेछ भन्ने विश्वास लिन सकिन्छ ।

# पत्रकार डुम्रे गिरफ्तार

■ रातो खबर संवाददाता



सरकारले सञ्चार माध्यममाथिको हमला तीव्र पार्ने क्रममा मंगलबार अपरान्ह बुटवलबाट पत्रकार प्रकाश डुम्रेलाई गिरफ्तार गरेको छ । एमाले र माओवादी केन्द्रको मंगलबार बुटवलमा भएको पत्रकार सम्मेलनमा समाचार संकलन गर्न गएको बेला कार्यक्रम स्थलबाटै डुम्रेलाई पक्राउ गरिएको हो । रातो खबर साप्ताहिकका सहयोगीसमेत रहेका गर्जन साप्ताहिकका सम्पादक डुम्रेको गिरफ्तारीप्रति रातो खबर साप्ताहिकले निन्दा गर्दै अविलम्ब रिहाईको मागसमेत गरेको छ ।



नियमित

# किन भयो जनार्दनमाथि चप्पल प्रहार ?



अम्बिका चन्द

सामाजिक संजाल फेसबुकमा बिहिवार र शुक्रबार माओवादी केन्द्रका नेता एवं देउवा सरकारका विना विभागीय मन्त्री जनार्दन शर्मा 'प्रभाकर' माथि रुकुममा एक छात्राले सार्वजनिक सभामा चप्पल हानेको घटना चर्चाको विषय बन्यो । कतिपयले आ-आफ्नो फेसबुक वालमा 'सलाम निर्मला बहिनी' भनेर लेखे भने कसैले 'बहादुर क्रान्तिकारी योद्धाको' उपमा दिए । कसैले भने 'बर्ग बदलेका नेताप्रति सहिदपरिवारको तर्फबाट ब्यक्त आक्रोस' जस्ता थरीथरीका प्रतिक्रिया ब्यक्त गरे ।

पश्चिम रुकुमबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका शर्मालाई बिहीबार बाँफीकोटको नेटामा चुनावी सभा भैररहेको बेला मञ्चमै पुगेर निर्मला खड्काले चप्पल प्रहार गरेकी हुन् । स्यार्पु बहुमुखी क्याम्पस, बाँफिकोटमा कक्षा १२ मा अध्यनरत निर्मला जनयुद्धमा बलिदान गर्ने सहिदकी बहिनी हुन् । उनको परिवारबाट ७ जनाले जनयुद्धमा बलिदान गरेका छन् । उनका परिवारमा उनकी आमाबाहेक सबै सदस्यहरु अहिले पनि नेकपाका पुर्णकालिन कार्यकर्ता छन् । उनका बुबा चन्द्रबहादुर नेकपा रुकुमका सचिवालय सदस्यसमेत हुन् ।

शक्ति र पैसाको बलमा पटक-पटक सत्तामा पुगेका र अरबौ सम्पत्ति जम्मा गरेको आलोचना खेपिरहेका शर्मा माओवादी केन्द्रका नेता मात्र नभई गृहमन्त्री, शान्तिमन्त्री र उर्जा मन्त्रीसमेत भइसकेका छन् । उनले सत्तामा पुगेपछि सहिद परिवार, बेपत्ता परिवार, कार्यकर्ता र जनताका लागि केही नगरेको बरु आफन्तजनहरुलाई पोस्ने काम गरेको भन्ने गुनासाहरु आइरहेको बेला एउटी १६ वर्षीया छात्राले उनलाई चप्पल प्रहार गर्न पुगेकी छिन् । यो घटना जनार्दन मात्र नभई संसदीय ब्यवस्थालाई फेर्न भन्दै सिहंदरबार छिरेका र उतै संसदीय भासमा भासिएको माओवादी केन्द्रप्रतिकै प्रहार हो ।

मंगलबार बिहान निर्मलाको एनसेल नम्बरमा फोन सम्पर्क गरेर प्रभाकरमाथि चप्पल प्रहार गरेको हो कि होइन भनेर बुझ्न खोज्दा निर्मलाले निसंकोच भनिन् - हो, मैले जर्नादनलाई चप्पल प्रहार गरेकी हुँ । जग्गाको विषयमा मेरो बुवालाई सोधे हुन्छ । हामीले जग्गा विक्रिवितरण गर्न पाएका छैनौं । हाम्रा सहिद दाजुहरुको राहत रकम पनि परिवारले नपाएको अवस्था छ । शान्तिमन्त्री हुँदा जनार्दनले नै राहत रकम रोकिदिएका हुन् भन्ने छ । अस्ती मात्र विद्यालय पढ्न गएको मेरो सानो १४ वर्षको कक्षा ६ मा पढने भाइ पूर्णलाई विप्लव निकट विद्यार्थी संगठनमा बस्यो भनेर जनार्दनले पक्राउ गर्न लगाएर ३६ दिन हिसासतमा राखियो । मलाई यस्तै कुराले आक्रोस पैदा भयो र उनलाई सार्वजनिक स्थानमा चप्पल हाने ।' नेकपा निकट अखिल (क्रान्तिकारी) को जिल्ला संगठनमा रहेर काम गर्ने निर्मलाले कुराकानीको क्रममा यसो पनि भनिन्- 'देशलाई आमूल परिवर्तन गर्ने जुन सपनासहित सहिदहरुले रगत बगाएका थिए, त्यसको आज अपमान भएको छ । मेरो परिवारबाट मात्र ७ जनाको शहादत भएको छ । यस्तै देशैभरि छन् । भाषणमा मात्र राम्रा कुरा गर्ने नेताहरुको कारण आज देशको अवस्था यस्तो छ र हामीले यो नियती भोगिरहेका छौं ।"



पश्चिम रुकुममा पर्ने बाँफिकोटमा एमाले-माओवादी गठबन्धनको चुनावी सभामा शर्माले भाषण गरिरहँदा उनीमाथि सहिदपरिवारबाट ब्यक्त आक्रोसपछि सभा नै बिथोलिएको थियो । निर्मला भन्छिन्- 'म कार्यक्रम कस्तो रहेछ भनेर हेर्न गएकी थिएँ, जनार्दन बोल्दै थिए । अनि नजिकै गएर केही समय सुनें । उनले भाषणमा बोलेका कुरा र व्यवहारिक क्रियाकलापबीच फरक थिए । मनमा एकखालको आक्रोस पैदा भयो र लगाइरहेको चप्पल निकालेर मञ्चमा हिर्काएँ । मैले नजिकैबाट प्रहार गरेको कारण उनको ज्याकेटमा धुलोको छाप बस्यो । अनि हल्लाखल्ला मच्चियो । अनि मलाई तत्काल प्रहरीले नियन्त्रणमा लिए । पछि के भयो थाहा भएन ।'

नयाँ क्रान्तिकारी शक्तिको रुपमा स्थापित हुँदै गएको नेकपा धेरै मानिसहरुको आशाको केन्द्र बनेको छ । सर्वसाधारण मानिसमा देशमा केही गरे विप्लवले गर्छ नत्र अरु कसैले पनि केही गर्दैननू भन्ने गरेको पाइन्छ । नेपाली क्रान्तिको नयाँ प्रारुप तयार गरेर क्रान्तिकारी आन्दोलनलाई नयाँ दिशा प्रदान गर्ने अठोट गरेका युवा नेता विप्लवप्रति यी किशोरीको पनि आशा रहेछ । उनले भनिन- 'हाम्रो देशमा भएको विकृति, विसंगति, भद्रगोलको अन्त्य गरेर नयाँ कम्युनिस्ट समाज बनाउने काम नेकपाले गर्दछ भन्ने आशा लागेको कारण म नेकपाप्रति विश्वास र समर्थन गर्दछु । मलाई मनपर्ने नेता पनि विप्लव नै हुन् । मैले उहाँलाई राम्रोसँग चिनेको छु ।'

निर्मललाले शर्मामाथि चप्पल प्रहार गरेको घटनापछि प्रहरीले उनलाई तत्काल नियन्त्रणमा लियो र घटना गोप्य राख्यो । नेकपा रुकुमका सेक्रेटरी चन्द्रबहादुर बुढा भन्छन- 'अहिलेसम्म हाम्रो जिल्लामा १६ जनालाई पक्राउ गरिएको छ । धेरै जनालाई राजनैतिक पूर्वाग्रहको आधारमा पक्राउ गरिएको छ । घरमा काम गरिरहेका, बिरामी परेर आराम गरिरहेकालाई समेत प्रहरीले छोडेको छैन । निर्मला बहिनीलाई मात्र भोलिपल्ट नै छोडेको छ । चप्पल काण्डको हल्ला बाहिर आउन नदिन उनलाई छोडिएको हो ।' यदि उनलाई पक्राउ गरेर लामो समयसम्म प्रहरी नियन्त्रणमा राखेपछि चप्पल काण्डले झन् चर्चा पाउने र नेता मन्त्री जस्तो व्यक्तिको बेइज्जत हुने भएकोले सल्लाह गरेर तत्काल निर्मलालाई रिहाई गरिएको माओवादी केन्द्रकै स्थानीय कार्यकर्ताले नै बताउने गरेका छन् ।

स्मरणीय छ रुकुममा २०४६/४७ सालतिर तत्कालिन पञ्चेबाट रातारात कांग्रेस बनेका गोपालजीजंग शाहलाई स्थानीयहरुले जुत्ताको माला लगाएको र कालोमोसो दलेको घटनापछि जनस्तरबाट नेतामाथि कारवाही भएको यो पहिलो घटना हो । यो घटना शक्ति र सत्तामा रहेका भनिएका नेताहरुप्रति जनस्तरमा आक्रोस यस्तो छ भन्ने उदाहरण पनि हो । बेलाबेलामा यस्तो घटनाहरुले चर्चा पनि पाउने गरेका छन् । केही समय पहिले माओवादी केन्द्रकै अध्यक्ष प्रचण्डलाई काठमाडौंमै एक युवाले थप्पड हानेको घटना पनि चर्चाको विषय बनेको थियो । थप्पड हान्ने युवालाई तत्काल पक्राउ गरिएको थियो । केही समय अगाडि पूराना कम्युनिस्ट नेताले चितवनको सभामा माके नेता अमिक शेरचनमाथि पनि त्यस्तै आक्रोश पोखेका थिए ।

यस्तै भूतपूर्व अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसलाई एकजना इराकी पत्रकारले जुत्ताले हिर्काएको समाचार संसारभर फैलिएको थियो । ति इराकी पत्रकारले संचारमाध्यममा भनेका थिए- मैले बुशको अनुहार हेरें र इराकलगायत देशहरुमा अमेरिकाले गरेको अत्याचार सम्झिएँ । मेरो मनमा एउटा आक्रोस जन्मियो र जुत्ता प्रहार गरें ।' उनले अमेरिका र त्यहाँका राष्ट्रपतिप्रति इराकलगायत देशका जनताको आक्रोस कस्तो छ भनेर सन्देश दिन पनि जुत्ता प्रहार गरेका थिए । त्यस्तै मिल्लोजुल्दो घटना रुकुमको बाँफिकोटमा भएको छ । ब्यक्तिको ब्यक्तित्वमाथि अपमान हुने भयले घटनालाई गोप्य राख्ने कोशिस गरिएको छ । तर समाजवाद र साम्यवादको सुन्दर सपना देखाएर संसदवादमा पतन भएको माओवादी केन्द्र र त्यसका नेताहरुप्रति सहिदपरिवारहरुको तर्फबाट भएको यो आक्रोसपूर्ण प्रतिनिधि घटना हो भन्दा अन्यथा नहोला ।







## डेंगु रोगबाट बच्न सावधानी अपनाउने सम्वन्धमा हरिवन नगरपालिकाको अनुरोध

गर्मी मौसममा लामखुट्टेको टोकाईबाट डेंगु रोगको प्रकोप हुन सक्ने भएकोले लामखुट्टेको टोकाईबाट बच्न निम्न सावधानी अपनाउन जानकारी गराइन्छ ।

- शरीर ढाक्ने कपडा लगाउने
- लामखुट्टेबाट बच्ने मल्हम लगाउने
- लामखुट्टेको टोकाइबाट बच्न सधैं राती र दिउँसोसमेत झुलभित्र सुत्ने
- घर वरपर वा खेतवारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्न ध्यान दिने
- झ्यालढोकामा जाली लगाई बन्द राख्ने
- पानी राख्ने भाँडाहरु जस्तै पानी ट्याङ्की, गाग्री, दहीको कतारो, बाल्टिन, ड्रमहरु सधैं छोपेर राख्ने
- लामखुट्टेको नियन्त्रणको लागि घर वरपर पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने र घरआँगन सफा राख्ने,
- लामखुट्टेले सफा जमेको पानीमा फुल पार्ने भएकोले लामो समयसम्म एउटै ठाउँमा पानी जम्मा गरेर नराख्ने । पुराना टायर, पानी जम्न सक्ने भाँडाकुँडा छोपेर राख्ने वा नष्ट गर्ने
- गमला, फुलदानी, एयरकुलरजस्ता पानी जम्ने सामग्रीको पानी हप्तामा एकपटक नियमित रुपमा सुख्खा हुने गरी सफा गर्ने
- कुनै स्थानमा खानेपानीको पाईप तथा ढलहरु चुहिने भएमा तुरुन्त मर्मत गर्ने ।

कार्यकारी अधिकृत
हरिवन नगरपालिका, सर्लाही

## पुतलीबजार नगरपालिका, स्याङ्जाको घर/भवन निर्माणको सम्पन्न लिने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना ।

मिति २०७४/०६/२९ गतेदेखि प्रारम्भ भएको स्थानीय सरकार संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ०७४ को दफा ४२ (१) मा नक्सा पास सम्बन्धी विशेष व्यवस्था गरेको छ । यस दफामा यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानुन बमोजिम नक्सा पास गर्नुपर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना गर्नुभएको छ भने तपाईहरुलाई आ–आफ्ना कागज प्रमाणसहित ३५ दिन भित्रमा (२०७४/०८/०१ देखि २०७४/०९/०५ सम्ममा यस पुतलीबजार नगरपालिकामा निवेदन दिनुहुन यो अत्यन्त जरुरी एवं विशेष व्यवस्था अनुसार अन्तिम अवसर प्रदान गरिएको छ । म्यादभित्र परेका निवेदनको प्रत्येकको स्थलगत रुपमा प्राविधिक जाँचबुझ गर्ने, साँध सँधियार बुझ्ने, भवन निर्माण मापदण्ड र संहिता पालना भए नभएको भन्ने सम्बन्धमा एकीन गर्ने । सबै तोके बमोजिम भवन निर्माण संहिता र बाटोसहितको मापदण्ड पालना भएको एकीन भएमा (समितिको ठहर भएमा) नक्सा पास गर्ने वा स्वीकृत नक्सा हेरफेर जे गर्नुपर्ने हो सो गरेवापत तेब्बर दस्तुर लिई सो सुविधा/सेवा दिने व्यवस्था भएको छ । यो अवसर/सुविधा अपार्टमेन्ट, हाउजिङ, होटल तथा अन्य व्यवसायिक भवनको हकमा लागु हुनेछैन । व्यक्तिको आवासीय भवनको हकमा केन्द्रित हुने व्यहोरासमेत यसै सार्वजनिक सूचना मार्फत् अनुरोध गर्दछु ।

प्रशासकीय अधिकृत
पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ